# सामुदायिक विद्यालयमा भौतिक व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन**(Ed.PM544)** विषय स्नातकोत्तर तह(एम.एड.)

चौथो सेमेष्टरको आंशिक आवश्यकता पूरा

गर्नको लागि तयार पारिएको

शोधपत्र


शोधकर्ता

सम्झना विडारी

त्रि.वि.वि.रजिष्ट्रेशन नं: ९-२-२४३-१५४-२००८

परिक्षा रोल नं: ७६२४३०६२


प्रस्तुत


त्रिभुवन विश्वविद्यालय

हेटौडा क्याम्पस,हेटौडा

मकवानपुर,नेपाल

२०८१

## कृतज्ञता ज्ञापन

शोध प्रस्ताव स्वीकृत गरी शोधकार्य गर्न अवसर प्रदान गरेकोमा शैक्षिक योजना तथा व्यवस्थापन विभाग, हेटौडा क्याम्पस प्रति आभार व्यक्त गर्दछु ।

यस शोधपत्रको निर्देशन गर्ने र अमुल्य सभ्काव एवं समय प्रदान गर्नुहुने शैक्षिक योजना तथा व्यवस्थापन विभाग हेटौडा क्याम्पसका शोध निर्देशक हाम्रा आदरणिय गुरु राम बहादुर भण्डारी प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र तयार गर्ने क्रममा र तयार पश्चात पनि आवश्यक मार्गनिर्देशन गर्नुहुने यस क्याम्पसका क्याम्पस प्रमुख देवीराम लामा प्रति वहाँले गर्नु भएको सहयोगप्रति कृतज्ञता ज्ञापन गर्दछु । यस अध्ययनको शिलशिलामा विद्यालयहरूमा अमूल्य समय उपलब्ध गराई आवश्यक विवरण र तथ्याङ्क संकलनमा सहयोग गर्नुहुने सम्बन्धित विद्यालयहरुका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ., शिक्षक, अभिभावक एवं विद्यार्थी प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

सम्भ्कना विडारी

**शोधसार**

प्रस्तुत अध्ययन सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन शीर्षकमा गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्य सामुदायिक विद्यालयको भौतिक व्यवसथापनको अवस्था खोजी गर्ने विषयमा रहेको छ ।

यस अध्ययनका लागि भरतपुर महानगरपालिका अन्तर्गत रहेका एकाउन्न ओटा माध्यामिक विद्यालयहरु मध्येबाट गोलाप्रथाको माध्यमबाट पाँच वटा विद्यालय छनोट गरिएको छ । जस अर्न्तगत विद्यालयका प्राचार्य, विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई समेत छनोट गरिएको छ, प्रत्येक विद्यालयबाट आधारभूत तहमा अध्यापन गर्ने शिक्षकहरु र अभिभावकहरु गोलाप्रथाबाट छनोट गरिएको छ। छनोट गरिएका विद्यालयमा  अध्ययन गर्ने विद्यार्थीहरू मध्ये छनोट पन्ध्र जना विद्यार्थी गरिएको छ। विद्यालय व्यवस्थापन सामितिको अध्यक्षबाट प्रश्नावली फारम भराई तथा शिक्षक, विध्यार्थी र अभिभावकवाट सोधपुछ र अन्तरवार्ताको माध्यमबाट तथ्याङ्क संकलन कार्य गरिएको छ। यसका अलावा अवलोकन, विद्यालयको पुरानो रेकर्ड फाइल, अभिलेख आदिको समेत सहायताबाट तथ्याङ्क संकलन  गरिएको छ ।

अध्ययन गरिएका सबै विद्यालयहरुमा प्रयोगशाला कक्षहरू जस्तै कम्प्युटर प्रयोगशाला कक्ष, विज्ञान प्रयोगशाला कक्षहरुको व्यवस्थापन गरिएको भएतापनि थैरै विद्यालयहरुमा  विज्ञान प्रयोगशाला सामग्रीहरुको अभाव देखियो । अध्ययन गरिएका प्राय विद्यालयहरुमा खेलकुद मैदान साँघुरो देखियो । सबै सामुदायिक विद्यालयको विद्याालय व्यवस्थापन समितिका निर्णयहरुमा भौतिक निर्माण सम्बन्धि निर्णयहरु भएपनि कार्यान्वयन पक्ष कमजोर देखिन्छ अधिकांश विद्यालयको अवलोकनबाट भौतिक पक्षलाई कम प्राथमिकता दिई विद्यालय संचालन गरेको दखिन्छ ।

यस अध्ययनमा सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन सम्बन्धमा अध्ययन गरिएतापनि सिमित स्रोत र साधनका कारण पूर्णता पाउन सकेको छैन । भौतिक पूर्वाधारका महत्वपूर्ण पक्षहरु जस्तैः भवन, कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, सभाकक्ष, खानेपानी,शौचालय,भौतिक साधनहरु,विभिन्न आधुनिक प्रविधिको प्रयोग आदि सम्बन्धमा गहिराईमा गई अध्ययन गर्न

नसकिएको अवस्थामा सम्पूर्ण विषयहरुको बृहत अध्ययनका लागी सुझाव प्रस्तुत गरिएको छ । साथै भौतिक व्यवस्थापन सँग निकट रहेको आर्थिक व्यवस्थापन,शैक्षिक व्यवस्थापन,यातायात व्यवस्थापन,चमेना गृह व्यवस्थापन,छात्राबास व्यवस्थापन,भौतिक संरक्षण र व्यवस्थापन विषयमा अध्ययन अनुसन्धान गर्न सुझाव प्रस्तुत गरिएको छ । यसमा देखिएका समस्या समाधानका लागि सम्बन्धित निकायहरु स्थानिय सरकार,प्रदेश सरकार,संघिय सरकार,जिल्ला शिक्षा समन्वय समिति,विद्यालय व्यवस्थापन समितिका अध्यक्ष,प्रधानाध्यापक,अभिभावक लगायतका सम्पूर्ण विद्यालयसँग सम्बन्धित पक्षहरुको समस्या समाधानका लागि पहल गर्नु पर्दछ ।

# विषय सूची


सिफारिस पत्र I

स्वीकृत पत्र II

कृतज्ञता ज्ञापन III

शोधसार IV

विषयसूची VI

१.१ अध्ययनको पृष्ठभुमि ........ 1

१.२ समस्याको कथन ........ 13

१.३ अध्ययनको औचित्य ........ 14

१.४ अध्ययनको उद्देश्य ........ 15

१.५ अनुसन्धान प्रश्न ........ 16

१.६ अध्ययनको परिसीमा ........ 16

१.७ सम्बन्धित शब्दावलीको परिभाषा ........ 16

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ........ 17

२.२ अध्ययनको सैद्धान्तिक खाका ........ 22

२.३ शैक्षिक उपादेयता ........ 24

३.१ अनुसन्धानात्मक ढाँचा ........ 26

३.२ अध्ययन जनसंख्या र नमुना छनौट ........ 27

३.३ तथ्याङ्क सङ्कलनका साधन ........ 27

३.४ तथ्याङ्कको संकलनका स्रोत ........ 27

१ अवलोकन फारम ........ 28

२.प्रश्नावली ........ 28

३. समुह छलफल ........ 28

३.५ तथ्याङ्क संकलन प्रक्रिया ........ 28

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया ........ 29

३.७ नैतिकताको मापदण्ड ........ 29

४.१ सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन ........ 30

१. जग्गा व्यवस्थापन ........ 30

२. भवन व्यवस्थापन ........ 31

३. कक्षाकोठा व्यवस्थापन ........ 33

४. कक्षाको विद्यार्थी क्षमता ........ 33

५. खानेपानी व्यवस्थापन ..... 35
६. शौचालयको व्यवस्थापन ..... 37
७. फर्निचरको व्यवस्थापन ..... 38
८. शैक्षिक सामाग्रि व्यवस्थापन ..... 39
९. पुस्तकालय व्यवस्थापन ..... 40
१०. कम्प्युटर व्यवस्थापन ..... 41
११. प्रयोगशाला व्यवस्थापन ..... 42
१२. खेलकुद व्यवस्थापन ..... 42
४.२ सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनमा भएका प्रयास ..... 43
१. आर्थिक संकलन ..... 43
२. बैठक ..... 43
३. निर्माण ..... 45
४.३ सामुदायिक विद्यालयहरुको भौतिक व्यवस्थापनमा देखिएका समस्या ..... 46
१.सरकारी निति ..... 46
२. राजनैतिक हस्तक्षेप ..... 46
३. भु बनावटको समस्या ..... 47
४. निर्णय कार्यान्वयनमा समस्या ..... 47
५. मुल्याङ्कनको कमि ..... 47
६. आर्थिक समस्या ..... 47
४.४ भौतिक व्यवस्थापनमा देखिएका समस्या समाधानका उपाय ..... 47
१. शिक्षालाई राजनितिबाट टाढा राख्नुपर्ने ..... 48
२. निर्णय कार्यान्वयनमा प्रतिबद्धता ..... 48
३. नियमित अनुगमन र मुल्याङ्कन ..... 48
५.१ शारांश ..... 49
५.२ निष्कर्ष ..... 50
५.३ सुझाव ..... 52
१. नीतिगत तह ..... 52
२. कार्यान्वयन तह ..... 52
३. अनुसन्धान तह ..... 54
सन्दर्भ सामाग्रि ..... 55

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

समाजको उत्पति सँगै शिक्षा लिने र दिने कार्यको आरम्भ भएको मानिन्छ । आफुले जानको ज्ञान सीप र मूल्यँग सम्बन्धित विषयवस्तु कुनै न कनै तरिकाले अरुलाई सिकाउने र अरुबाट यस्ता बिषयवस्तु आफूले पनि सिक्ने संस्कतिको विकास भयो । समाजमा स्थापित मूल्य, मान्यता, रितिरिवाज, चालचलन र संस्कृति पूरानो पुस्ताबाट नया पुस्तामा हस्तान्तरण गरिदै लगियो ।

शिक्षा मानव विकासको लागि अपरिहार्य आधारभूत आवश्यकता हो परापूर्व कालबाट शरु भएको शिक्षा प्रणालि परिर्वतन भएको पाइन्छ । अपेक्षाकृत मानविय उपलब्धिहरु परिर्वतन भएको पाइन्छ । संसारका हरेक उपलब्धिहरु जहाँ मानव जाती आफैमा गैखन्डित हुन्छ । यसको मुल कारण शिक्षा हो । शिक्षा ग्रहणको तरिका उमेर  परिवेश र प्राकृतिक आधारमा फरक फरक हुन्छन् । नेपालमा औपचारीक रुपमा विद्यालय शिक्षाको प्रारम्भ भएको लामो समय भएको छैन । वि.स. १९१० मा राणा प्रधानमन्त्रि जङ्ग बहादुर राणाले आफ्ना सन्ततिहरुलाई शिक्षा दिने उद्देश्यले थापाथलिमा खोलेको दरबार हाई स्कूल नेपालको पहिलो आधुनिक स्कूल मानिन्छ ।

विद्यालय तहको शिक्षा प्रभावकारी,गुणस्तरीय,समय अनुकुल आदि हुनुमा विद्यालयको भौतिक पक्ष कमजोर भएमा शिक्षाको गुणस्तरमा तथा विद्यार्थीको शिक्षण सिकाई उपलब्धिमा नकारात्मक असर पर्न सक्छ । विद्यालयको भौतिक पक्ष अन्तर्गत विद्यालय भवन,विद्यालय भवनको रुपरेखा,ढाँचा,संरचना,त्यहाँ उपलब्ध फर्निचर र तिनिहरुको बनावट र रखाई,शौचालय,खानेपानी,खेलमैदान,आदि पक्षहरु समावेश हुन्छन् । विद्यार्थीको शिक्षण सिकाईमा प्रत्यक्ष रुपमा सरोकार राख्ने यि भौतिक पक्षहरुले प्रभाव पारिरहेको हुन्छ । आजको

प्रतिस्पर्धात्मक युगमा भौतिक सुविधा यति नै हुन्छ भन्न सकिदैन । विभिन्न विद्यालयहरुमा विभिन्न किसिमका भौतिक सुविधाहरु हुन सक्छन् ।

विद्यालयको भौतिक सुधार गर्नका लागि विद्यालयले मात्र चाहेर हुँदैन यसका लागि भिन्न निकायहरुको आवश्यकता पर्दछ । हरेक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि आफ्ना विद्यार्थीहरुलाई सुविधा सम्पन्न भवन तथा त्यससँग सम्बन्धित विविध भौतिक सुविधाहरु उपलब्ध गराएर शिक्षण सिकाई क्रियाकलाप गर्ने चाहना हुन्छ । तर कुनै पनि विद्यालयले चाहदैमा विद्यालयको भौतिक पक्ष राम्रो व्यवस्था गर्न सक्दैन । विद्यालयको भौतिक पक्ष व्यवस्थापनका लागि नेपाल सरकार अन्तर्गतका  शिक्षा मन्त्रालय,शिक्षा विभाग, राष्ट्रिय योजना आयोग ,क्षेत्रिय शिक्षा निर्देशनालय,जिल्ला शिक्षा समन्वय समिति,महानगरपालिका तथा स्वयं विद्यालय परिवार,विद्यालय व्यवस्थापन समिति,विद्यालय अभिभावक संघ,अभिभावक आदि पक्षहरुको महत्वपूर्ण भुमिका रहने गर्दछ । विद्यालयको भौतिक विकासमा विभिन्न योजनाहरु उल्लेखित छन् ।

**विद्यालय सुधार योजना**

यसले विशेष गरि प्राथमिक विद्यालयको क्षमता अभिवृद्धि गर्ने, व्यवस्थापकिय पक्षलाई सुदृढ बनाउन शिक्षा विभागको आधारभुत तथा प्राथमिक शिक्षा शाखाले ल्याएको योजना हो । यस योजनाले स्थानिय समुदायलाई यो विद्यालय हामि सबैको हो यसको क्षमता बढाउनुपर्छ,हामि सबै मिलेर यसको सुधार गर्नुपर्छ । सरकारी पक्षमा मात्र भर पर्नु हँदैन भन्ने धारणा विकास गराउने उद्देश्य लिएको थियो । सामुदायिक विद्यालयको कक्षाकोठा सुविधायुक्त र आर्कषक नहुनु,कक्षाकोठाको अभाव हुनु,विद्यालयमा शौचालय,खानेपानी,खेलमैदान,चमेना गृह,पुस्तकालय कोठा लगाएतका भौतिक सुविधाको अभाव हुनु र त्यस अवस्थामा विद्यालय व्यवस्थापन समिति निष्कृय रहनु,प्रधानाध्यापकले सुपरिवेक्षण र अनुगमनमा ध्यान दिएको पाइदैन । फलस्वरुप अभिभावक वर्गमा विद्यालय प्रति नैराश्यता देखिनुका साथै ध्यान समेत नदिने अवस्थामा यस योजनाले यस समस्यालाई हल गर्ने उद्देश्य लिएको थियो ।(शर्मा २०६६)

**गाउँ शिक्षा योजना**

ग्रामिण क्षेत्रमा शिक्षाको विकास तथा विस्तार गर्ने उद्देश्यले स्थानिय स्रोतहरुको परिचालन गर्ने स्थानीय व्यक्तिहरुको सहभागितामा तयार गरिएको यस गाँउ योजनाले गाँउ विकास समिति क्षेत्र भित्रका सबै प्राथमिक विद्यालय उमेर समुहका बालबालिकाहरुलाई विद्यालयमा पहुँचको सुनिश्चित गर्न र शिक्षाको गुणस्तर सुधार ल्याउने महत्वपूर्ण भूमिका खेलेको थियो । यस योजनालाई प्रभावकारी ढंगले सबै तर्फ कार्यान्वयन भएको पाइदैन तर पनि यस्तो योजना बनाउने कानुनि अधिकार भने गाँउ शिक्षा समितिमा रहेको पाइन्छ ।(शर्मा,२०६६)

## जिल्ला शिक्षा योजना

गाउँ शिक्षा योजना जस्तै यो पनि स्थानिय आवश्यकतामा आधारीत भई स्थानीय तहबाट निमार्ण एवं कार्यान्वयनमा ल्याइने विकेन्द्रित स्वरुपको योजना हो । यसले जिल्लाको समग्र शैक्षिक वातावरणको गुणस्तर र परिमाणात्मक विकास गर्न राष्ट्रिय योजनाको जिल्ला गत सहयोगी कार्यक्रमका रुपमा लिन सकिन्छ । नेपालमा पञ्चवर्षिय योजनाको सुरुवात भए देखिनै (२०१३) साल शिक्षालाई पञ्चवर्षीय योजनामा समावेश गरियो तर स्थानीय विकासको योजना भने कार्यान्वयनमा आउन सकेको थिएन। केन्द्रिय स्तरबाट नै सबै योजनाहरु बनाउने काम भए। २०५५ सालमा स्थानीय स्वायत्त शासन ऐन लागु भए पछि मात्र जिल्ला स्तरमा जिल्ला शिक्षा योजना र गाँउ स्तरमा गाँउ शिक्षा योजना स्थानिय सरोकारवालाहरु,समुदायको सहभागितामा निर्माण र कार्यान्वयनको सुरुवात भयो ।

## माध्यामिक शिक्षा सहयोग कार्यक्रम

सामुदायिक माध्यामिक विद्यालयको व्यवस्थापन र विस्तार गर्दै प्राथमिक तह पुरा गरेका सबै बालबालिकाहरुलाई माध्यामिक तहको शिक्षाको अवसर सुनिश्चित गराउन र गरिबीको रेखामुनि रहेका जनतालाई बढी भन्दा बढी उनीहरुका आवश्यकता पूरा गर्ने अवसर प्रदान गर्न नेपाल सरकारले एशियालि विकास बैंक (एडिबि) र डानिडाको संयुक्त सहयोगमा सन् २००३ देखि २००७ सम्मको प्रथम पाँच वर्ष माध्यामिक शिक्षा सहयोग कार्यक्रम लागु गरिएको थियो । यो पन्ध्र वर्षिय कार्यक्रमको पहिलो चरण थियो । यसैगरी SESP ले शिक्षा सिकाई वातावरणमा पहँच र समताका लागि उल्लेख्य संख्यामा विद्यालयको भौतिक सरचना विकास निर्माण गर्ने तथा भौतिक पुनस्थापनालाई कक्षाकोठा सुविधाहरुको पुनस्थापना र छात्राहरुको छात्राबासको व्यवस्था गरी केन्द्रित गरेको छ ।

## ग्रामिण विकासका लागि सेती परियोजना

नेपालमा विक्रम संवत २०२८ सालदेखि २०४२/०४/०३ गते सम्मको विभिन्न शैक्षिक परियोजनाहरुको परिक्षण गर्ने एक प्रकारको लहर चल्यो यसै क्रममा सुदुरपश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चलमा ग्रामिण विकासका लागि शिक्षा कार्यक्रममा सेती परियोजना वि.स.२०३८ साल देखि लागु गरियो । यो कार्यक्रम सेती अञ्चलका पाँचवटा जिल्लाहरु डोटी,बझाङ,बाजुरा,अछाम र कैलाली मा संचालन गरियो । यस परियोजनालाई दुई चरणमा लागु गरिएको थियो । प्रथम चरणमा वि.स.२०३८ देखि २०४३ सम्म डोटी,बझाङ,बाजुरामा र वि.स. २०४४ देखि २०४८ सम्म अछाम र कैलाली जिल्लामा लागु गरिएको थियो । यस परियोजनाले ग्रमिण क्षेत्रको स्वास्थ्य,पौष्टिक आहार,शिक्षा,कृषि,महिला शिक्षा र सहभागिता जस्ता पक्षहरुमा अत्यन्त सकारात्मक प्रभाव पर्‍यो । यस परियोजनाले नमुना विद्यालय स्थापना,कार्यमुलक प्रौढ शिक्षा ,एकिकृत अनौपचारिक शिक्षा जस्ता कार्यक्रम संचालन गरेको थियो ।

शिक्षाको जन्म मानव समाजको उद्‌भव एवं विकास सँगसगै भएको हो र मानव समाज रहुन्जेल शिक्षा आफ्नो कोल्टो फेर्दै जान्छ । शिक्षाको एउटा मात्र तोकेको अर्थ हुँदैन । यसको अर्थलाई सीमित घेरा, चिन्तन र सोचाइमा नराखी निरन्तर रुपमा चल्ने जीवनपर्यन्त प्रक्रियाका रूपमा बुझ्नु सार्थक हुन्छ ।

नेपालको शैक्षिक विकासमा नेपाल सरकारले विद्यालय तहमा वार्षिक बजेटको लगभग १७ प्रतिशत रकम खर्च गरिरहेको छ भने स्थानिय तहहरुले आफ्नो बजेटको ठूलो भाग शैक्षिक क्षेत्रमा नै लगानि गरिरहेकै छ ।विषेश गरी यी र यस्ता सम्पूर्ण लगानिहरु सामुदायिक विद्यालयमा नै हुने गरेको छ र पनि सामुदायिक विद्यालयको प्रभावकारीतामा भने उल्लेख्य सुधार आउन सकेको छैन । नेपालको प्रचलित शैक्षिक अभ्यास अनुसार एवं बनेको शैक्षिक निति नियमका आधारमा हेर्ने हो भने कुनै पनि सामुदायिक विद्यालयको प्रगतिमा प्रधानाध्यापक,वि.व्यस.को धेरै ठूलो भुमिका रहन्छ । प्र.अ. र वि.व्यस.का व्यक्तिहरु दैनिक प्रशासनिक तथा शैक्षिक ,भौतिक व्यवस्थापन,अभिलेख व्यवस्थापन,प्रतिवेदन,जनसम्पर्क लगाएतका महत्वपूण कार्य गर्नु पर्ने हुँदा पनि विद्यालयको शैक्षिक प्रगतिको परिवेशमा प्रधानाध्यापक र वि.व्यस.को अहम भुमिका रहेको कुरा कसैले अस्विकार गर्न सक्दैन ।

शिक्षाको शाब्दिक अर्थ हेर्ने हो भने अंग्रजी भाषाको Education को शाब्दिक E+duco बाट आएको हो, जसको अर्थ भित्रबाट बाहिर ल्याउनु हो ।

नेपाली भाषामा शिक्षा भन्ने शब्द संस्कृत भाषाको शिक्ष् धातु (verb) बाट अ-प्रत्यय लागेर बनेको संस्कृत शब्द हो ,जसको अर्थ सिकाउनु अर्थात व्यक्तिमा ज्ञान,गुण र सीपको विकास गराउनु हो ।

माथि उल्लेखित शब्दहरू भिन्न-भिन्न भए तापनि शिक्षाको अर्थको आशय भने एकै किसिमको बुझाउँछ । हरेक बालकमा अन्तर्निहितज्ञान एवंम प्रतिभा लुकेर बसेको हुन्छ । तर्सथ शिक्षा भनेको बालकमा अन्तनिर्हित शक्तिलाई तालिम दिनु, अगुवाइ गर्नु, अगाडि बढाउनु, बाहिर ल्याउनु वा विकसित गर्नु हो । (आचार्य २०७९)

शिक्षाको संकुचित अर्थ तथर जाने हो भने विद्यालयको घेराभित्र दिइने प्रमाणपत्रमुखी शिक्षा हो । एस. एस. मेकेंजीका अनुसार " शिक्षाले मानिसको शक्तिहरूको विकास र सुधार चेतनापूर्वक गर्ने प्रयास गर्छ ।",यस्तै  टि रेमन्टका अनुसार "पुस्तकीय ज्ञान" हो ।

पुस्तकिय ज्ञानबाट विद्यार्थीको चौतर्फी विकास हुन सक्तैन । यस प्रकारको शिक्षालाई शिक्षा नभनी अध्यापन र निर्देशन हो भन्ने एस.एस.मकन्जी  को भनाइ रहेको छ ।

शिक्षाको संकुचित अर्थमा प्रध्यापक ड्रभरी को भनाइ छ -"शिक्षा भनेको यस्तो प्रक्रिया हो जसमा बालबालिकाहरुको ज्ञान,चरित्र,र व्यवहार निर्धारण र निर्दिष्ट गरिन्छ ।"

यसै गरी शिक्षाको व्यापक अर्थ व्यक्तिले आफ्ना अनुभवबाट प्राप्त गर्ने सम्पूर्ण जीवन उपयोगी ज्ञान हो ।प्रत्येक मानिसले जन्मदेखि मृत्यसम्मको मीवन यात्रामा जे-जेबाट सिक्दछ जे जसरी अनुभव गर्छ ,त्यसलाई नै शिक्षाको रूपमा लिन सकिन्छ । जीवनपर्यन्त चलिरहने प्रक्रिया हो ।

जोन डिबे  ले शिक्षालाई जीवन र जीवनलाई शिक्षाका रूपमा हेरेको पाइन्छ । उनका अनुसार शिक्षा जीवन हो, जीवन भनेको वृद्धि हो , त्यसैले शिक्षा भनेका वृद्धि हो ।

जोन लक : जीवन शिक्षा हो र शिक्षा जीवन हो ।

माथिका विभिन्न शिक्षाको अर्थहरु केलाउदा शिक्षा भनेको यसरि मानिसले आफ्ना सम्पूर्ण जीवनकालमा घरपरिवार, विद्यालयभित्र वा बाहिर जे जसरी, जहिले जसबाट ज्ञान, गुण र सीप आर्जन गरी पर्णता प्राप्त गर्दछ जसबाट ऊ आफ्ना भावी प्रतिस्पर्धात्मक सामाजिक जीवन निर्वाह गर्न सक्ने हन्छ, त्यही नै शिक्षाको व्यापक अर्थ हो । (आचार्य २०७९)

शिक्षाको परिभाषाको रुपमा विभिन्न व्यक्तिहरुको भनाई यस प्रकार रहेको छ ।

“शिक्षाको अर्थ स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको निर्माण गर्नु हो ।”- अरस्तु

शिक्षाको सामान्य अर्थ ज्ञान प्राप्त गर्नु हो । मानिसमा ज्ञान प्राप्त गर्ने वा शिक्षा प्राप्त गर्ने प्रक्रिया कोक्रोबाट सुरु भई चिहानमा अन्त्य हुन्छ । -Dumvile

शिक्षाविद् पेस्तालोजीले भनेका छन्- “शिक्षा मानिसको जन्मजात शक्तिहरूको स्वाभाविक, सामञ्जस्यपूर्ण र प्रगतिशील विकास हो ।”

यस प्रकारले प्रसिद्ध दार्शनिक कान्त ले भनेका छन- शिक्षा मानिसको ती सबै सम्पूर्णताहरूको विकास हो जसका लागि ऊ सक्षम छ ।

प्रसिद्ध शिक्षाविद् जोन डिवे ले भनेका छन, जसरी शार्रीरिक विकासका लाग भोजनको महत्व हुन्छ त्यस्तै सामाजिक विकासका लागि शिक्षाको ।

शिक्षाको अर्थपूर्ण अभिव्यक्ति प्रसिद्ध दार्शनिक जोन लक को अभिव्यक्तिमा पाइन्छ - “ बोटविरुवाहरूको बिकास गोडमेलद्धारा हुन्छ भने मानिसको विकास शिक्षाद्धारा हन्छ ।”

तेस्तै गरी व्यवस्थापनको कुरा गर्दा व्यवस्थापनको अग्रेजी शब्द Management लाई Manage = To manage, Men – By men, T= With tactfully । त्यसैले Management लाई सोतहरू 4M+I{Men, Material, Money,Machine +Information system) लाई चलाखीपूर्ण रूपबाट उपयोग गरी अरूद्वारा काम सम्पन्न गराउने कलाका रूपमा बुझ्न सकिन्छ । निश्चित वातावरणमा निर्धारित उद्धेश्य पूर्तिका लागि मानविय, भौतिक र वित्तीय साधनहरूको कुशलतापूर्वक परिचालन गर्ने प्रक्रिया नै व्यवस्थापन हो । संगठनको उद्देश्य हासिल गर्नका लागि योजना बनाउने, संगठन गर्ने, कार्यान्वयन गर्ने, नियन्त्रण गर्ने समग्र प्रक्रियालाई व्यवस्थापन भनिन्छ । तेस्तै संगठनात्मक लक्ष्य, साधन स्रोत र मानवीय पक्षको त्रिकोणात्मक संगमको रूपमा व्यवस्थापनलाइ लिइन्छ । निधारित उद्देश्य प्राप्तिका लागि उपलब्ध समय, आर्थिक, भौतिक तथा मानवीय स्रोत साधन र प्राविधिको समुचित रूपमा प्रयोग तथा परिचालन गरी अधिकाधिक उपलव्धि हासिल गर्ने कार्य नै व्यवस्थापन हो । (आचार्य २०७९)

लुथर गुलिकले व्यवस्थापनको क्षेत्रमा एक बहुचर्चित फ्रेज नै बनाएका छन् जसलाइ POSDCoRB भनिन्छ । यसको पूर्णरूप तथा अर्थयस प्रकार छ

P= Planning (योजना) : उद्देश्य, कार्यनीति र क्रियाकलाप निर्धारण गर्ने

0=Organizing (संगठन) : सार्वजनिक सगठन निर्माण गर्ने, स्रोत साधनको व्यवस्थापन एवं संयोजन गर्ने

S=Staffing (कर्मचारीसम्बन्धी ब्यवस्था) : जनशक्ति छनोट, भर्ना, तालिम एवं क्षमता विकास

D=Directing (निर्देशन) : नेतृत्व दिने, निर्देशित गर्ने, प्रभावित तुल्याउने

Co= Co–ordinating (समन्वय) : अनुगमन, समन्वय एवं समायोजन गर्ने

R=Reporting (प्रतिवेदन) : एकापसमा जानकारी गराउने, सूचना सम्प्रेषण गर्ने, अभिलेखीकरण

B= Budgeting (आयव्यय व्यव्थापन) : बजेट तर्जुमा, सोत व्यवस्थापन एवं कार्यन्वयन गर्ने, गराउने

व्यवस्थापनका विभिन्न क्षेत्र मध्ये शैक्षिक व्यवस्थापन पनि एक हो ,शिक्षा क्षेत्रमा पुर्वनिर्धारित उहेश्य हासिल गर्न भौतिक तथा मानविय स्रोत र साधनलाई कुशल र प्रभावकारी रुपमा परिचालन गर्ने प्रकृयालाईं शैक्षिक व्यवस्थापन भनिन्छ । शैक्षिक व्यवस्थापनले शिक्षासँग सम्बन्धित क्षेत्रको व्यवस्थापन गर्दछ । त्यसका लागि सिद्धान्तको विकास र प्रयोग गर्दछ ।

शैक्षिक अनुसन्धानको विश्लेषण अनुसार शैक्षिक व्यबस्थापन भनेको शिक्षा क्षेत्रमा पूर्व निर्धारित उद्देश्य हासिल गर्न भौतिक तथा मानविय स्रोत साधनलाई कुशल र प्रभावकारी रुपमा परिचालन गर्ने प्रकियालाई नै शैक्षिक व्यवस्थापन भनिन्छ । यसले केटाकेटी तथा युवाहरुको विकासमा मात्र नभई वयस्क र विशेष गरी विद्यालयका कार्यकर्ताहरुको बिकासमा चासो राख्दछ । यसरी शैक्षिक व्यवस्थापनका लागी पनि मानवीय संसाधनको व्यवस्थापनको साथ साथै भौतिक साधनको व्यपस्थापनको भूमिका पनि अपरिहार्य देखिन्छ, यी दबै वीचको रहेको सामञ्जस्यताले नै सही रुपमा व्यवस्थापन हुन सक्छ (कोइराला र श्रेष्ठ, २०६३)।

शैक्षिक अनुसन्धानको विश्लेषण अनुसार शैक्षिक व्यवस्थापन भनेको शिक्षा क्षेत्रमा पूर्व निर्धारित उद्देश्य हासिल गर्न भौतिक तथा मानविय स्रोत साधनलाई कुशल र प्रभावकारी रुपमा

परिचालन गर्ने प्रकियालाई नै शैक्षिक व्यवस्थापन भनिन्छ । यसले केटाकेटी तथा युवाहरुको विकासमा मात्र नभई वयस्क र विशेष गरी विद्यालयका कार्यकर्ताहरुको बिकासमा चासो राख्दछ । यसरी शैक्षिक व्यवस्थापनका लागी पनि मानवीय संसाधनको व्यवस्थापनको साथ साथै भौतिक साधनको व्यपस्थापनको भूमिका पनि अपरिहार्य देखिन्छ, यी दबै वीचको रहेको सामञ्जस्यताले नै सही रुपमा व्यवस्थापन हुन सक्छ (कोइराला र श्रेष्ठ, २०६३)।

व्यवस्थापन तथा शैक्षिक व्यवस्थापनका सम्बन्धमा विभिन्न विद्वानहरुले विभिन्न प्रकारले परिभाषित गरेका छन् जुन निम्नअनुसारका छन् ।

व्यवस्थापन अन्तर्गत निति निमार्ण, नितिको कार्यान्वयन, संगठनको परिकल्पना तथा त्यसको उपयोगलाई सम्मिलित गराइन्छ (Oliver Sheldon) ।

व्यवस्थापन भनेको प्रभावकारी र दक्ष रुपमा व्यक्तिहरुसँग मिलेर र व्यक्तिद्धारा काम गर्ने गराउने प्रकृया हो (Robbins and Decenzo) ।

शैक्षिक व्ययस्थापन हाल आएर आफैमा विगतका अनुभव अध्ययन अनुसन्धान मार्फत प्रशस्तै सैद्वान्तिक तथा व्यवहारिक ज्ञान हासिल गरि आफ्नै छुटै पहिचानका साथ विधागत रुपमा विद्यालय देखि विश्वविद्यालयसम्म आफ्नो अस्तित्व जमाउन सफल भएको छ (Bush, 2003) ।

शैक्षिक व्यवस्थापन आफैमा व्यवस्थापनको प्रयोगात्मक क्षेत्र हो जसले शिक्षा र शिक्षण संस्थासँग सम्बन्धित व्यवस्थापनका सिद्धान्त र अभ्यासको उपयोगतालाई जोड दिन्छ ( Gerald, n.d.) ।

माथिका विभिन्न विद्धानहरुले गरेका परिभाषाहरु निचोडमा भन्दा उपलब्ध मानवीय स्रोत साधानलाई समुचित परिचालनबाट आफनो उद्देश्य हासिल गर्ने कार्य प्रति अग्रसर रहनु पर्छ । जसका लारि आवश्यक लागत र सामाग्री उपलब्ध गराउन सक्नुपर्दछ । त्यसैले शिक्षाका राष्ट्रिय उद्देश्य प्प्तिका लागि मानिस, मुद्रा र सामाग्रीको परिचालन गर्ने कौशल युक्त कार्य नै शैक्षिक व्यवस्थापन हो ।

कनै पनि संघसंस्थाको उद्देश्य प्राप्तिका लागि विभिन्न कार्यहरुको व्यवस्था मिलाउनु नै व्यवस्थापन हो । कुनै संस्थाको उद्देश्य पूरा गर्न साधन र स्रोतहरुलाई समन्वय गर्ने कार्य ब्यवस्थापन हो । कुनै पनि काम ब्यवस्थित रुपमा सम्पादन गर्नको लागि निश्चित प्रकृया पुरा

गर्नु पर्दछ। निर्धारित उद्देश्य पुरा गर्नको लारि निश्चित प्रकृया पुरा गनुपर्दछ। निर्धारित उदेय पुरा गर्नको लागि आवश्यकता अनुसार ब्यवस्था मिलाउनु पर्दछ । व्यवस्थापन यस्तो प्रकृया हो कुनै पनि व्यवस्थित रुपमा गरिन्छ । उचित व्यवस्थापनको अभावमा उपलब्ध मानविय, भौतिक, आर्थिक एवंम प्राकृतिक साधन र स्रोत कुशलतापूर्वक काम गराउनु व्यवस्थापन हो । संगठनमा भएका सबै व्यक्तिहरुले एकमतामा कार्य गरी सफलता प्राप्त गर्ने कला व्यवस्थापन हो । यो एक सामाजिक प्रक्रिया भएकोले यसबाट निधारित लक्ष्य प्रभावकारी तरिकाले प्राप्त गरिन्छ (शर्मा, २०६३) ।

विद्यालय भवन निर्माण गर्दा दीर्घकालसम्म संरचना परिवर्तन गर्न नपर्ने गरि योजनाबद्ध रुपमा गर्नुपर्ने देखिन्छ । उक्त पुस्तकका अनुसार जग्गाको क्षेत्रफल, बजेट, कक्षामा रहने विद्यार्थी संख्या, सामाग्रिको उपलब्धता, स्रोतको उचित उपयोग, गुणस्तरीयता त्यसको नियमित सम्भारको योजना र मापदण्ड अनुरुप गर्ने आवश्यक रहेको पाइन्छ । समय परिवर्तित छ समय अनुसार चल्नु सबैलाई आवश्यक छ । शिक्षण पेशामा आधुनिक प्रविधिको प्रयोग गरी शिक्षणा सिकाइ सञ्चालन गर्नुपर्ने जरुरि छ, त्यसको लागि विद्यालयको भौतिक संरचना पनि उपयुक्त हने खालको निर्माण गनुपर्ने हुन्छ। त्यस्तै पिउने पानी शुद्ध हुनु जरुरी छ। विद्यार्थीलाई विभिन्न अतिरिक्त क्रियाकलापका लागि समतल, सफा, खुला खेलमैदान पनि हनु आवश्यक छ । यसै सन्र्दभ अनुसार विद्यालयको भौतिक संरचनाले विद्यालय भवनको उपयोगिता, खानेपानी, शौचालय, कक्षाकोठा, फिर्निचर, कालोपाटी, प्रकाश, बिजुली, पुस्तकालय, खेलमैदान विद्यालयको जमिन, विद्यार्थी र शिक्षकको दुरीलाई महत्व दिइएको छ ।

कक्षाकोठा व्यवस्थापन विद्यालयको भौतिक व्यवस्थापनको एक अभिन्न अंग हो । कक्षाकोठामा अनुकुल सिकाइ वातावरण सिर्जना गर्ने कार्य नै कक्षाकोठा व्यवस्थापन हो । अपेक्षित सिकाइ उपलब्धि हसिल गराउन कक्षकोठालाई सुव्यवस्थित बनाउने प्रक्रियालाई कक्षाकोठा व्यवस्थापन भनिन्छ । कक्षा शिक्षणका उद्देश्य हासिल गराउन योजना बनाउने सगठन गर्ने,नेतृत्व प्रदान गर्ने  एवं नियन्त्रण गर्ने एक व्यवस्थापन प्रक्रिया कक्षाकोठा व्यवस्थापन हो ।कक्षाकोठा सिकाईको थलो हो जुन आकर्षक र सिकाई केन्द्रित हुनुपर्दछ ।

पाठ्यक्रमले तोकेको उद्देश्य प्रप्ति गर्न कक्षाकोठालाई आकर्षक, उपयुक्त वातावरणयुक्त, व्यावहारिक, मनोरञ्जनात्नमक सिकाइ थलोको रुपमा विकास गरिनुपर्दछ । कक्षाकोठालाई बालैत्री, शिक्षण सहजकारी एवं सिकाइ अनुकुल बनाउने कार्यलाई कक्षाकोठा व्यवस्थापन

भनिन्छ । कक्षाकोठा व्यवस्थापन भित्र विद्यार्थीको  संख्या, उमेर र अवस्था अनुसारको भौतिक सुविधा शैक्षिक सामाग्रिको सिकाइ वातावरण, कक्षाको आचारसंहिता, कक्षा सञ्चालन प्रक्रिया, समय व्यवस्थापन, शिक्षण सिकाई सामग्री कार्यकलापको सञ्चालन, विविधता व्यवस्थापन, तनाव व्यवस्थापन, अभिलेख व्यवस्थापन, कक्षाकोठाको अर्न्तक्रिया संचालन, विद्यार्थी उत्प्रेरणा जागरण विद्यार्थीको प्रतिभा प्रस्फुटन कार्य विद्यार्थीको स्तर एवं अवस्थाको आधारमा सहयोगात्मक वातावरण निर्माण, मनोवैज्ञानिक व्यवस्थापन जस्ता कराहरू पर्दछन् । कक्षाकोठा व्यवस्थापन अन्तर्गतका क्षेत्रहरूमा भौतिक व्यवस्थापन, मानवीय वातावरणको व्यवस्थापन, मनोवैज्ञानिक व्यवस्थापन, शैक्षणिक व्यवस्थापन, विविधता व्यवस्थापन आदि  पर्दछन् । ( आचार्य २०७९)

कक्षाकोठा व्यवस्थापनको किन आवश्यकता र महत्व छ भन्ने विषयलाई छोटकरीमा भन्दा कक्षााकोठामा अनुकुल सिकाइ वातावरण सिर्जना गर्न, शिक्षण सिकाइलाई र्अथपूर्ण एवं व्यवस्थित बनाउन, समय, स्रोत र साधनको उच्चतम उपयोग गर्न,अपेक्षित सिकाइ उपलब्धि हासिल गराउन, सिकाइमा प्रभावकारिता, समता एवं दक्षता अभिवृद्धि गर्न,कक्षाकोठालाई सिकाइमैत्री बनाउन,विद्यार्थीको गाति, शैली, रुचि, आवश्यकता एवं क्षमता अनुरूप सिकाइको अवसर प्रदान गर्न,कक्षाकोठामा सबैको समान एवं समतामूलक सहभागिता सुनिशिचित गर्न,बालबालिकाहरूका विचार एवं भावनाको निर्धक्कसाथ व्यक्त गर्ने वातावरण सिर्जना गर्न,शिक्षण सिकाइलाई रचनात्मक, सिर्जनात्मक, उदेश्यमूलक, व्यवहारिक, जीवनोपयोगी र जीवन्त बनाउन,कक्षालाई अनुशासित, जीवन्त, आन्ददायी, कार्य उन्मुख, स्रोतपूर्ण र बालमैत्री बनाउन् , शिक्षक र विद्यार्थी एवं विद्यार्थी-विद्यार्थीबीचको शैक्षणिक सम्बन्धलाई प्रगाढ बनाउन,उचित खालको बसाइ व्यवस्थापन गरी विद्याार्थीको सामाजिकीकरणमा सहयोग गर्न मद्दत पुऱ्याँउदछ । (आचार्य २०७९)

कक्षाकोठा व्यवस्थापन अर्न्तगतका कार्यहरुमा विषेश रुपमा भौतिक व्यवस्थापनलाई जोड दिँदा यस अन्तर्गत मुख्य रुपमा भुकम्प प्रतिरोधी विद्यालय भवन तथा कक्षाकोठा,पर्याप्त झ्यालढोका,हावा,प्रकाश  आउने र तापक्रम धेरै घटबढ नहुने खालको हुनुपर्ने,विद्यार्थी अनुसारको पर्याप्त फर्निचर,कालोपाटी,टेबल,डेस्क,बेन्च,शौचालय,पानी,डस्टबिन भएको हुनुपर्ने,शैक्षिक सामाग्रि राख्ने ऱ्याक,दराज,टेबल आदि हुनुपर्ने,कक्षाकोठा सजावट हुनुपर्ने जस्ता कुराहरु रहेका छन् । (आचार्य २०७९)

यसै गरी शिक्षा नियमावली २०४९ को अनुसूचि घ मा विद्यालयमा हुनुपर्ने न्यूनतम पूर्वधारहरुमा कक्षाकोठाहरु सामान्यतया ९ (नौ) फिट उचाईको र घाम तथा पानीबाट बचाउ हुने किसिमको हुनुपर्ने,कक्षागत क्षेत्रफल पूर्वप्राथमिक र प्राथमिक विद्यालयको हकमा प्रतिविद्यार्थी ०.७५ वर्ग मीटर तथा निम्नमाध्यामिक र माध्यामिक विद्यालयको हकमा १.०० वर्ग मीटरभन्दा कम हुन नहुने, पूर्वप्राथमिक र प्राथमिक विद्यालयमा बाहेक अन्य विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था हुनुपर्ने र प्रत्येक थप ५० जना विद्यार्थीका लागि एक कम्पार्टमेन्ट थप हुनुपर्ने,पाठ्यक्रम,पाठ्यपुस्त,शिक्षक निर्देशिका सहितको र विद्यार्थी बराबर कम्तिमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको हुनुपर्ने व्यवस्था गरेको छ ।

अर्को पाटो कक्षाकोठामा बसाइ व्यवस्थापन हो यसलाई दैनिक बसाइ व्यवस्थापन (Fixed or rotation) परिवर्तन गर्ने गरी, समुह कार्य गराउँदा विद्यार्थी बढी भएको अवस्थामा यु आकारको बसाइ उपयुक्त हुने । समूह कार्य गराउँदा स-साना गोलाकारमा बसाइ उपयुक्त हुने , पर्याप्त फार्निचरको रखाई, भूई बसाइ, झोला राख्ने व्यवस्था आदि भएको हुनुपर्ने रहेको छ ।

कक्षाकोठा व्यवस्थापन गर्दा ध्यान दिनपर्ने कुराहरूमा कक्षाकोठा व्यवस्थापन प्रक्रियायाई सकेसम्म सरल बनाउनुपर्दछ ,न्यूनतम समयमा कक्षाकोठा व्यवस्थापन कार्य पूरा गर्नुपर्दछ ,कक्षाकोठा व्यवस्थापन गर्दा विद्यार्थीको समय खेर फाल्नु हँदैन ,कुनै कार्यका लागि विद्यार्थीको हिडडुल गर्ने कार्यलाई न्यनतम हुने किसिमको बसाई व्यवस्था गर्नु पर्दछ ,कक्षाा व्यवस्थापन प्रक्रियालाई नियमित गर्नुपर्दछ ,विद्याार्थीलाई कक्षाकोठा व्यवस्थापन प्रक्रिया र नियमितताका सम्बन्धमा प्रशिक्षित गर्नुपर्दछ ,निर्देशित प्रक्रियाअनुरूपको व्यवस्थापन र विद्यार्थीको गतिविधिको निरन्तर अनगमन गर्नुगर्दछ ,कक्षाकोठा व्यवस्थापनका कार्यमा विद्यार्थीलाई नै जवाफदेही बनाउनुपर्दछ ,उद्देश्य अनुरूप कक्षा सजावट हुनुपर्छ जसले गर्दा विद्यार्थीहरुमा सिकाई क्षमता बढ्दछ । (आचार्य २०७९)

साथै बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ ले कक्षाकोठाको  प्रतिविद्यार्थी क्षेत्रफल न्युनतम ०.७५ वर्गमीटर तथा अपेक्षित १.०० वर्गमीटर हुनुपर्ने व्यवस्था गरेको छ । बालबालिकाले आफ्नो ज्ञान र क्षमता अनुसार रमाइलोसँग सिक्ने वातावरण भएको कक्षाकोठा नै बालमैत्री

कक्षाकोठा हो ।यस्ता कक्षाकोठा बालबालिका अनुकुलको सिकाई वातावरण तयार गरिन्छ । बालमैत्री कक्षाकोठाको निम्नलिखित विषेशताहरु रहेको पाइन्छ,

- कक्षाकोठामा बालबालिकाको शारिरीक मानसिक एवं संवेगात्मक रुपले सुरक्षित तथा स्वस्थ वातावरण पाउँदछन् ।
- बालबालिकाहरुको रुची ,क्षमता र स्तरको कदर हुन्छ र सोहि अनुसार उनिहरुको सिकाइका लागि आवश्यक वातावरण एवं पाठ्यक्रमको व्यवस्था हुन्छ ।
- बालबालिकाहरुको सिकाइ उपलब्धिको मुल्याङ्कन गर्ने सम्पूर्ण जिम्मेवारी शिक्षकको हुन्छ ।
- बालबालिकाहरुलाई उनीहरुको जात,लिङ्ग,धर्म,भाषा,आर्थिकस्तर,शारिरीक एवं मानसिक दुर्बलताका आधारमा बिना भेदभाव व्यवहार गरिन्छ ।
- पढाइ लेखाईका अतिरिक्त बालबालिकाहरुको स्वास्थय एवं सुरक्षामा विषेश ध्यान दिइन्छ ।
- कक्षाकोठा व्यवस्थापनमा हरेक पक्ष (कक्षाकोठा व्यवस्थापनको योजना देखिकार्यान्वयन सम्म) मा बालबालिकालाई प्रत्यक्ष सहभागि गराइन्छ ।
- कुनैपनि प्रकारका भौतिक ,मानसिक एवं शारिरीक दण्ड,सजाय बर्जित हुन्छ र बालबालिकाहरुलाई दुर्व्यवहार र नोक्सानिबाट बचाउने काम निरन्तर रुपमा भइरहेको हुन्छ ।

बालमैत्री विद्यालय राष्टिय प्रारूप २०६७ का उद्देश्यहरु मा यस प्रारुपको प्रखुम उद्देश्य भनेको बालमैत्री शिक्षण सिकाई वातावरण तयार पार्नु हो । यसका अलावा बालबालिकाको सर्वाङ्गिण प्रतिभा उजागर गर्दै शैक्षिक पहँच र गुणस्तरमा बढोत्तरी ल्याउनु हो ।यस बाहेक यसका उद्देश्यहरुमा

- बालअधिकार सबैका लागि सहश्राब्दि विकासका लक्षजस्ता नेपालको तर्फबाट भएका अर्न्तराष्ट्रिय प्रतिबद्धताहरुलाई सम्बोधन गर्ने
- बालमैत्री विद्यालयका आवश्यकता र महत्वका बारेमा सरोकारवालाहरुलाई अवगत गराउने
- बालमैत्री विद्यालयका लागि राष्ट्रिय मापदण्ड र यसका सूचकहरु निर्धारण गर्ने, र

- नेपालमा सञ्चालित सबैखाले विद्यालयहरुलाई बालमैत्री विधालय बनाउन निम्नानुसार कार्य गर्ने

  -दिइएका सूचकहरुका आधारमा विद्यालयको स्तर पहिचान गर्ने

  - विद्यालयहरूले स्वमूल्याङ्कन गरी बालमैत्री विद्यालयको स्थिति पत्ता लगाउने

  -विद्यालयहरुलाई बालमैत्री विद्यालयमा रूपान्तरण गर्ने सक्षमता विकास गने,

  - बालमैत्री विद्यालय बनाउन आवश्यक स्थानीय स्रोत, साधन जुटाउन मार्गनिर्देश गर्ने,

  - अधिकारमा आधारित गुणस्तरीय शिक्षाका प्रर्वद्धन गर्ने ।

शैक्षिक व्यवस्थापनले मुख्य गरी मानविय र भौतिक दुबै पक्षको व्यवस्थापन गर्दछ । मानविय स्रोत अर्न्तगत सम्बन्धित विद्यार्थी, तिनका अभिभावकहरु, शिक्षक तथा अन्य सरोकारवाला व्यक्तिका अतिरिक्त स्थानिय निकाय देखि लिएर केन्द्रिय सरकारको मातहतमा कार्यरत व्यक्तिहरु पर्दछन् । त्यसरी नै भौतिक स्रोत अन्तर्गत आर्थिक,भैातिक पूर्वाधार, शैक्षक सामग्रीहरु आदि पर्दछन । शिक्षा क्षेत्रमा विशेष गरी निति निमार्ण, अल्पकालिन तथा दिर्घकालिन योजना निमार्ण गर्ने, विद्याथी तथा अन्य शैक्षिक जनशक्ति भर्ना गर्ने, तालिम दिने, शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी बनाउने, परिक्षा संचालन मुल्याङ्कन गर्ने,कार्यसम्पादन गर्ने, पाठ्यक्रम तथा पाठयपुस्तक निमार्ण तथा वितरण गर्ने क्रियाकलाप गर्दछ ।

विद्यालय व्यवस्थापनको महत्वपूर्ण पाटोको रुपमा रहेको भौतिक अवस्थाको अध्ययनलाई मुख्य विषयको रुपमा छनौट गरिएको छ । यस अध्ययनमा भरतपुर महानगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा रहेको भौतिक अवस्था भवन, शौचालय, कक्षाकोठा, पुस्तकालय, खेल मैदान, प्रयोगशाला तथा अन्य भौतिक पक्षहरु जसले विद्यालयको शैक्षिक वातावरण निर्माणमा प्रत्यक्ष सरोकार राख्दछ ति पक्षहरुका बारेमा केलाउने प्रयास गरिएको छ ।

### १.२ समस्याको कथन

वर्तमान समयमा शिक्षा राष्ट्रको नागरिकहरुका लागि अनिवार्य वा अपरिहार्य विषय बनेको छ । राष्ट्रलाई समुन्नत बनाउन सबै नागरिकहरुमा शिक्षाको उज्यालो पुऱ्याउनु पर्छ । शिक्षा नागरिकले अनौपचारिक माध्यमबाट आफ्ना घर परिवारबाट लिन्थे पछि शिक्षाको जग बसाउने कार्य औपचारिक रुपमा विद्यालयबाट नै हुने गर्दछ । आजको बदलिँदो समयमा शिक्षाको जिम्मेवारी सामुदायिक विद्यालयले लिएको पाइन्छ । नेपालमा सामुदायिक

विद्यालयलको भौतिक व्यवस्थापन फरक फरक किसिमले भउको र कतिपय विद्यालयहरुमा उचित भवन,फर्निचर, कक्षाकोठा, शैक्षिक सामाग्री र प्रयोगशाला, राम्रो वातावरण शैक्षिक प्रणलि पनि प्रयोग गरि शिक्षण भएको पाइन्छ भने कुनै विद्यालयमा सानो ठाउँ,अव्यवस्थित फर्निचर, खेल मैदान उचित व्यवस्थापन,प्रयोगशालाको कमि जस्ता समस्या भएको पाइन्छ ।

यस भरतपुर महानगरपालिका अवस्थित सामुदायिक विद्यालय अध्ययन गर्ने क्रममा विद्यालय खुला,शान्त वातावरणमा शिक्षण भएता पनि शिक्षामा भौतिक स्रोत साधनको कमि,समय अनुसारको परिवर्तित शिक्षण विधि सञ्चालन गर्न उपयुक्त वातावरण नभएको ,शिक्षण क्षेत्रमा आवश्यक सामाग्री भएता पनि त्यसलाई उचित तरिकाले प्रदर्शन गर्न समस्या समस्या भएकै कारणले शैक्षिक गुणस्तरमा कम भएको देखिन्छ । यस अध्ययनले निम्नलिखित समस्या उठाई समाधान उपायहरुको खोजी गरिएको छ ।

- सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन कस्तो छ ?
- .सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन के-कस्ता समस्याहरु छन ?
- भौतिक व्यवस्थापनले शैक्षिक उपलब्धि स्तरमा के-कस्ता प्रभाव पार्छ ?
- सामुदायिक विद्यालयहरले आफूले निर्धारण गरेका मापदण्ड पुरा गर्न सफल भए भएन ?
- विद्यालय व्यवस्थापन समिती, अभिभावकहरु भौतिक व्यवस्थापनमा कतिको चासो राख्दछन् ?

म एक सामुदायिक विद्यालयको शिक्षिका भएको आफुले अध्ययन गराउने क्रममा शैक्षिक सामाग्रिको अधिक प्रयोग गर्ने, उपयुक्त कक्षाकोठा नभएको, पुस्तकालय कक्षाको कमि,सामाग्रीहरु दराजमा राखेको कारणले आफुले अध्यापन गराउने विद्यालय मात्र यस्तो हो कि अरु विद्यालयमा पनि यस्ता समस्याहरु आउँछ भन्ने जिज्ञासाको कारणले माथि उल्लेखित समस्याहरु मनन् गर्दा यस अध्ययनको समस्या कथनको रुपमा यस शिर्षकलाई लिइएको हो ।

### १.३ अध्ययनको औचित्य

शिक्षाको मेरुदण्ड र आशाको दियो आजका बालबालिका हुन र तिनै बालबालिकाहरु भोलिका कर्णधार हुन् । वर्तमान अवस्थामा शिक्षा क्षेत्रमा धेरै परिवर्तन र व्यवस्थापन गरेता पनि यस

क्षेत्रमा धेरै समस्या र मुद्दाहरुबाट सोचे जस्तो सफलता हासिल गर्न सकेन। विद्यालयको सर्वाङगिण पक्षको विकासमा आधारभूत पक्षको रुपमा रहेको भौतिक व्यवस्थापनको महत्वपुर्ण भुमिका रहन्छ ।राष्ट्र विकासको मापदण्ड त्यस देशको नागरिकहरुको शैक्षिक स्थिति, स्वास्थ्य र आधारभूत आवश्यकता परिपूर्तिले शिक्षाको गुणस्तरमा ठूलठूला आशा बोकी स्थापना भएको सामुदायिक विद्यालयहरुमा भएको भौतिक व्यवस्थापनको आवध्यकतालाई अर्थाउने प्रयास गरिएको छ ।

कतिपय सामुदायिक विद्यालयहरु आवश्यक पूर्वाधारविना सञ्चालन आएको,विद्यार्थीको अधिकतम उपलब्धिहरु विद्यालयका भवन, भौतिक पक्षहरु,खेल मैदान,कक्षाकोठा,प्रयोगशाला,पुस्तकालय,फर्निचर,शैक्षिक सामाग्रिहरु,खानेपानी,शौचालय आदिको उचित प्रबन्ध मिलाई बालमैत्री वातावरणबाट शिक्षा प्रदान गर्नु आवश्यक छ । अहिलेको बदलिँदो समयमा सामुदायिक विद्यालयको भौतिक व्यबस्थापन कस्तो छ ? भौतिक व्यबस्थापन सुधारका के-कस्ता कदमहरु चाल्नु पर्छ ?यसले शैक्षिक उपलब्धिमा कस्तो प्रभाव परिरहेको छ ? शिक्षक, अभिभावक, व्यवस्थापन समिती बिचको कस्तो भुमिका छ ? उनीहरू यस विचालयप्रति कत्तिको चासो राख्दछन् ? यस्ता प्रश्नहरुको समाधान खोजि सुझाव प्रस्तुत गर्न यस अध्ययनले मद्धत गर्दछ ।

यस अध्ययनबाट प्राप्त निर्ष्कषले शिक्षासँग चासो राख्ने सरोकारवाला व्यक्ति,संस्था, अनुगमन तथा मूल्यांङ्कनकर्तालाई जानकारी गराउने उद्देश्यले सामुलायिक विद्यालयका उपलब्धि र गुणस्तरलाई प्रत्यक्ष प्रभाव पार्ने भौतिक, शैक्षक सामाग्री, प्रयोगशाला, पुस्तकालय, शौचालय, खेल मैदान, खानेपानी र अन्य स्रोत साधनको उचित व्यवस्थापन गर्ने विद्यालयका प्रधानाध्यापक, शिक्षकहरु साथै व्यवस्थापन समिति वि.नि.तथा श्रोत व्यक्तिहरुलाईं समेत सहयोग पुग्नेछ भन्ने आशा राखेको छु ।

### १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरु निम्नअनुसार छन् :

१ सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनको अवस्था पत्ता लगाउने ,

२) विद्यालयको भौतिक व्यवस्थापनले शैक्षिक उपलब्धीस्तरमा परेको प्रभाव पत्ता लगाउने ,

३) भौतिक व्यवस्थापनमा देखिएका समस्याको लेखाजोखा गर्ने,

४) भौतिक व्यबस्थापनमा देखिएका समस्या समाधानका उपायहरु खोजी गर्ने,

### १.५ अनुसन्धान प्रश्न

यस अध्ययन अन्तर्गत शोधकार्य पुरा गर्नको लागि निम्न लिखित अनुसन्धानात्मक प्रश्न तयार पारिएको छ ।

१) छनोट गरिएका सामुदायिक विद्यालयको भौतिक अवस्था कस्तो छ ?

२) आधुनिक विधुतिय उपकरणको प्रयोग गरि शिक्षण कार्य गरिएका  छ वा छैन ?

३) आधुनिक विधुतिय उपकरणको अवस्था कस्तो छ र कति वटा छन् ?

४) विद्यालयको भौतिक व्यवस्थापनमा के-कस्ता समस्याहरु देखा परेका छन् ?

५) विद्यालयको भौतिक व्यवस्थापनमा देखिएका समस्याहरू समाधान कसरी गर्न सकिन्छ ?

### १.६ अध्ययनको परिसीमा

यस अध्ययनको उद्देश्य तथा क्षेत्र व्यापक भएता पनि उपलब्ध स्रोत र साधनलाई ध्यानमा राख्दै एक निश्चित समय सिमा भित्र रहेर पूरा गर्नुपर्ने बाध्यता रहेको कारणले गर्दा चितवन जिल्लाको भरतपुर महानगरपालिकाका एकाउन्न(५१) वटा सामुदायिक माध्यमिक विद्यालय मध्ये गोला प्रथावाट छनोट गरी पाँच ओटा सामुदायिक माध्यमिक विद्यालयहरुमा मात्र यो अध्ययन सीमित गरिने छ । ती विद्यालयका प्राचार्य, शिक्षक, विद्यालय व्यबस्थापन समिति अध्यक्ष, विद्यार्थी, अभिभावक र स्रोत व्यक्तिलाई यस अध्ययनको नमूना जनसंख्याको रुपमा लिइएको छ । यो अध्ययन सामुदायिक विद्यालयको भौतिक व्यस्थापनको अवस्था विश्लेषण गर्ने,भौतिक व्यबस्थापनको अवस्था विश्लेषण गर्ने,यस सम्बन्धमा देखिएका समस्या पत्ता लागउने तथा यस सम्बन्धमा देखिएका समस्या समाधानका उपाय खोजि गर्ने उद्देश्यले गरिएको छ ।

### १.७ सम्बन्धित शब्दावलीको परिभाषा

विद्यालयको भौतिक व्यवस्थापनले विद्यालयको भौतिक पुर्वाधारहरु , स्रोतहरु र वातावरणको समुचित उपयोग र व्यवस्थापनलाई जनाउँछ ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनराबलोकन तथा अध्ययनको सैदान्तिक खाका

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

यस अध्ययनमा अनुसन्धान  शिर्षकसँग सम्बन्धित विभिन्न पाठयपुस्तक, जर्नल अनुसन्धान प्रतिवेदन लगायत शिक्षा ऐन, नियम, शोधपत्रहरु र अन्य अप्रकाशित अभिलेखहरुको पुनारावलोकन गरिएको छ ।

विद्यालयको वातावरण शान्त रमाइलो भएमात्र विद्यार्थीको सिकाई उर्पयुक्त हुन्छ । तसर्थ कक्षाकोठा बाहिरको वातावरण शान्त र उर्पयुक्त हुनु आवश्यक छ । यसै सन्दर्भ शिक्षा नियमावली २०४९ को अनुसूचि घ मा विद्यालयमा हुनुपर्ने न्यूनतम पूर्वधारहरुमा कक्षाकोठाहरु सामान्यतया कम्तिमा ९ (नौ) फिट उचाईको र घाम तथा पानीबाट बचाउ हुने किसिमको हुनुपर्ने,कक्षागत क्षेत्रफल पूर्वप्राथमिक र प्राथमिक विद्यालयको हकमा प्रतिविद्यार्थी ०.७५ वर्ग मीटर तथा निम्नमाध्यामिक र माध्यामिक विद्यालयको हकमा १.०० वर्ग मीटरभन्दा कम हुन

नहुने, पूर्वप्राथमिक र प्राथमिक विद्यालयमा बाहेक अन्य विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था हुनुपर्ने र प्रत्येक थप ५० जना विद्यार्थीका लागि एक कम्पार्टमेन्ट थप हुनुपर्ने,पुस्तकालयमा पाठ्यक्रम,पाठ्यपुस्त,शिक्षक निर्देशिका सहितको र विद्यार्थी बराबर कम्तिमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको हुनुपर्ने व्यवस्था गरेको छ ।

सापकोटा लेख्छन, सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक सामाग्रीको व्यवस्थापन,आर्थीक व्यवस्थापन, शिक्षक विद्यार्थीको नियमितता, परीक्षाको परिणाम,पाठ्यक्रमको कार्यान्वयन जस्ता पक्षहरुमा आ-आफनो परिवेश र सिमितताको बाबजुद प्रधानाध्यापकले राम्रै भुमिका निर्वाह गरेको पाइन्छ ।त्यसै गरी शैक्षिक योजना निर्माण कक्षा अवलोकन र पृष्ठपाषण, नियुक्ति तथा तालिम र मानव सम्बन्ध व्यवस्थापन एवं विद्यार्थी मुल्यांकन, अनुशासन व्यवस्थापन, विद्यार्थी परामर्श सेवा जस्ता पक्षहरुमा थप सुधारको आवश्यकता देखिन्छ । उल्लेखित पक्षहरुमा सुधार गर्दै सामुदायिक विद्यालयले भोग्नुपरेको आर्थिक, भौतिक, शैक्षिक र मानवीय पक्षको व्यवस्थापन सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरुले खास गरेर अभिभावकहरु, विद्यार्थीहरू, शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा अन्य विभिन्न सम्पूर्ण सरोकारवालासँग प्रभावकारी र दोहोरो सञ्चार कायम गरी असल मानवीय सम्बन्ध कायम गर्न सक्नुपर्दछ । (सापकोटा, २०६७)

त्यसैगरी गिरी भन्दछिन्, शैक्षिक व्यवस्थापनमा पोष्टकार्ड को प्रयोग गरेर त्यसको प्राभावकारीतामा विशेष ध्यान पुऱ्याउनु जरुरी छ । उनका अनुसार शैक्षिक व्यवस्थापकलाई पोष्टकार्ड सम्बन्धित तालिमको व्यवस्था गर्नुपर्ने, विद्यालयको शक्षिक पक्षको स्तरउन्नतिको लागि दैनिक पाठयोजना, एकाई योजना निर्माणमा ध्यान दिनुपर्ने एवं असक्षम तथा आवश्यक आचारसंहिता पालना नगर्ने शिक्षकलाई कडाईका साथ व्यवहार गनुपर्ने, विद्यालय व्यस्थापनको प्रभावकारीताको लागि विद्यालयका शिक्षक, कर्मचारी, विद्यार्थी लगायत सम्पूर्ण पक्षलाई बढी भन्दा बढी संगठीत पानुपर्ने र योजना, संगठन, कर्मचारी व्यवस्थापन, निर्देशन, समन्वय, प्रतिवेदन, बजेटिङ्ग जस्ता पक्षहरुमा ध्यान दिएमा मात्र शैक्षिक वयवस्थापनमा टेवा पुग्नेछ ।( गिरी २०६७)

बालमत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ ले कक्षाकोठाको प्रति विद्यार्थी क्षेत्रफल न्यनतम ०.७५ वर्ग मिटर तथा अपेक्षित १.०० वर्ग मिटर हुनुपर्ने व्यबस्था गरेका,हावाको आवतजावत,प्रकाश,विद्याथी संख्याको आरामदायि कक्षाकोठाको व्यवस्था, फर्निचर,बसाई

व्यवस्था,खेलमैदान, उचित शौचालयको व्यवस्था, अतिरिक्त शैक्षिक सामाग्रीको व्यवस्था, प्राथमिक उपचारको व्यवस्था आदिले समेत उचित व्यवस्था भए मात्र शिक्षण सिकाई दिगो रहन्छ ।

विद्यालयको भौतिक अवस्था कमजोर भएका विद्यार्थीहरुको पढाई स्तरमा कठिनाई उत्पन हुन्छ । बस्नको लागि डेस्क, बेन्च कम हुनु पढाईको लागि पाठ्यपुस्तक कम हुनु, सबै विद्याथीहरू एक पटकमा खेलमैदानमा अटाउन नसक्नु आदि कारणले विद्यालयको पठनपाठनमा असर पार्दछ ।

यसै सर्न्दभमा पंगनी २०६४ ले प्राथमिक विद्यालयको भौतिक व्यवस्थापनको अवस्था र शैक्षिक उपलब्धि शिर्षकमा गरेका अध्ययनमा शिक्षण सिकाई कार्यमा सहयोग पुऱ्याउने विद्यालय, भवन,खेलमैदान, पर्खालको व्यवस्था डेक्स बेन्च, शुद्ध खानेपानी, सुविधा शौचालय, सामाग्रि सहितको प्रयोगशाला, पुस्तकालय लगायतका सामग्रि तथा यिनीहरुसँग सम्बन्धित सबै पक्षको उपयक्त व्यवस्थापनलाई भौतिक सुधार भनिन्छ । उनका अनुसार प्रारम्भिक विद्यालयको भौतिक सुधारको अवस्था ज्यादै नाजुक रहेको शौचालय,खानेपानी,पुस्तकालय,प्रयोगशाााला,खेलमैदान आदिको समस्याले गर्दा पठनपाठन कार्यमा कठिन परिस्थितिको सामना गर्नुपरेको छ । अधिकांश विद्यालयहरुमा विद्यार्थीको अनुपात नमिलेको विद्यालयको शैक्षिक उपलब्धीमा कमी देखिएको छ। विद्यालयको कक्षाकोठा तोकिएको मापदण्ड अनुसार नभएको, खेल मैदान आदिको समस्याले गर्दा विद्यार्थीको बसाईं व्यवस्थापन उचित तरिकाले हुनु जरुरी छ। समय अनुसारको परिवर्तित टेक्नोलोजिको प्रयोग गरि,शेक्षिक सामाग्रिहरुको प्रयोग गरेर र तालिम प्राप्त योग्य शिक्षकहरुद्धारा शिक्षण गर्दा विद्यार्थीहरुको चासो सक्रियता बढाउन सकिन्छ । सिकाईको लागि शान्त,मनोरन्जनात्मक वातावरणमा विद्यार्थीहरुलाई सक्रिय सहभागि गराउदै शैक्षिक उपलब्धिमा वृद्धि हुन जान्छ ।यसै सन्दर्भमा कक्षाकोठा व्यवस्थापनको महत्व शीर्षकमा गरेको अध्ययनमा विद्यालयमा साधन र स्रोतको कमी विदालयका् आर्थिक अवस्था बमजोर भएको,विद्यालय दुर्गम स्थानमा अवस्थीत भएको तथा सरकारी तथा गैरसरकारी पहुँच नपुगेको उल्लेख छ ।

परिवर्तित समाजको सन्दर्भमा विश्वको विभिन्न समाजको सामाजिक तया आार्थिक रुपान्तरणका परिर्वतनशिल र गतिशिल भूमिका निर्वाह गर्ने शिक्षा नै गुणस्तरीय शिक्षा हो । विश्वव्यापारीकरणले संसारमा भइरहेको परिवर्तित घटनाक्रम सँग तादाम्यता राखेर व्यक्ति,

समाज र राष्ट्र विकाशका लागि  लाभ दिन सक्ने ज्ञान, सीप प्रदान गर्नु नै शैक्षिक गुणस्तर हो । त्यस किसिमको शिक्षा प्रदान गर्ने विद्यालय नै गुणस्तरीय विद्यालय हो । विद्यालयमा रहेर सरकारी लगानीको मात्रा, शिक्षक विद्यार्थी अनुपात, शिक्षकको योग्यता, विद्यार्थी शिक्षक उपलब्धीको स्तर,विद्यार्थीले विद्यालय तह पार गर्न लगाएको समयावधि आदिका आधारमा नै विद्यालयको गुणस्तरियता मापन हुने गर्दछ । (काफ्ले ,२०६८)

डकार फ्रेमर्वक फोर एक्सन (२०००) ले विद्यालयको गुणस्तरीयतालाई विद्यालयमा सबै बालबालिकाको पहुँच, टिकाउपन, सिकाइ उपलब्धिको स्तर आदी सँग जोडेका छ । यसका साथै विद्यालयमा अध्ययनरत विद्यार्थीको अपेक्षाकृत व्यवहार,शिक्षण सिकाई प्रक्रियामा उत्कृष्टता,विषयवस्तु तथा सान्दर्भिक पाठ्यक्रम,सुशासन र न्यायपूर्ण स्रोतको विनियोजन प्रणालिलाई गुणस्तरका लागि प्राथमिकता दिनुपर्ने बताएको छ । UNESCO (२०००) ले शिक्षा जान्नको लागि, राम्रो बन्नको लागि, व्यक्ति स्वयं समाज, राष्ट्र र विश्वकै लागि केहि गर्न सक्नेका लागि र समाज तथा राष्ट्रमा समाजस्यता कायम राख्दै बाँच्न र बस्नका लागि योगदान पुऱ्याउने शिक्षालाई गुणस्तरीय शिक्षाको रुपमा परिभाषित गरेको छ ।

यसैलाई थप विष्लेशण गर्दै UNESCO २००५ ले शैक्षिक गुणस्तरमा सान्दर्भिकता र प्रभावकारीतालाई समेट्न पर्ने चर्चा गर्दै व्यक्तिले आर्जन गरेको शिक्षा वा सिकेको सिपलाई उसको दैनिक जीवनयापन सञ्चालन गर्न वा पेसालाई जीवनपयोगी बनाउन सार्न्दिर्भिक हनु पर्ने र कम लगानी वा परिश्रममा बढी प्रतिफल हासिल गर्ने तर्फ जोड दिन वा प्रभावकारिता हासिल गर्नु पर्ने भनेको छ । शक्षिक प्रभावकारीताले लगानी, प्रक्रिया र उत्पादनको दृष्टिकोणबाट शिक्षालाई हेर्नुपर्ने धारणा राखेको छ । विद्यालयमा पर्याप्त भौतिक पूर्वाधार, पेसाप्रति समर्पित दक्ष शिक्षक सँगै पर्याप्त तथा उपयुक्त शैक्षिक सामाग्रिको उपलब्धता, शैक्षिक नीति हुनु पर्दछ । शैक्षिक लगानी भएर मात्रै हुँदैन । शैक्षिक गुणस्तर कायम हुनका लागि विद्यालयको शैक्षिक प्रक्रिया राम्रो हुनुपर्दछ । यदी प्रभावकारी सेवा, शैक्षिक सुपरिवेक्षक, जीवन्त कक्षा शिक्षण सिकाइ क्रियाकलाप भएन भने शैक्षिक लगानीको कुनै औचित्य रहदैन । शैंक्षिक लगानी र प्रक्रियाका आधारमा आशातित लक्ष्य हासिल गर्न सक्ने खालको उत्पादन हुनुपर्दछ । विद्यालय तहमा अध्ययनरत विद्यार्थीले निश्चित तह पार गरे पश्चात उनीहरुको उत्तिर्ण प्रातिशत सँगै उपलब्धि स्तर सामेल अपेक्षित खालको हुनुपर्दछ ।औपचारिक रुपमा सबै भन्दा तल्लो निकायको रुपमा विद्यालय रहने भएकोले विद्यालयको गुणस्तर विद्यालयको समग्र सुधार र शैक्षिक स्तरउन्नतिमा एवं शैक्षिक गुणस्तर वृद्धिमा प्राधानाध्यापक तथा व्यवस्थापन

समितिको भूमिकालाई आत्मसाथ गर्दै प्रधानाध्यापक तथा वि.व्यस. अध्यक्षको जिम्मेवारी दिदाँ उचित ध्यान दिई कुशल योजनाकार, समन्वयकर्ता संगठनकर्ता र प्रशासन क्षमता भएको व्यक्ति भएका विद्यालयको भौतिक व्यवस्थापनमा व्यापक सुधार आउने देखिन्छ ।

विद्यालयको कक्षाकोठा व्यवस्थापन राम्रो हुन नसकेको कारण सबै पक्षलाई चासो र चिन्तनका साथ जिम्मेवारीपूर्वक समस्या समाधान गर्नका लागि कक्षाकोठा सजावट शैक्षिक सामाग्रिको प्रयोग गर्नुपर्ने साथै विद्यालय सुधार योजनामा कक्षाकोठा व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ । विद्यालयको व्यवस्थापन समितीले निष्पक्ष भई विद्यालयको हितमा मात्र सोचेर निर्णय गर्नु,विद्यालयको सम्बिन्धीत कुराहरुको निर्णय गर्दा आफुलाई राजनैतिक सोचबाट टाढा राखेर निर्णय गर्न एक मात्र लक्ष्य विद्यालयको सुधारलाई लिन सकिन्छ । व्यवस्थापन सिमितीमा रहेका सदस्यहरुमा शिक्षाप्रेमी र सकारात्मक सोच भएका सक्रिय व्यक्तिहरु आबद्ध भएमा विद्यालयको अवश्य सुधार हुन्छ ।

शिक्षण सिकाई क्रियाकलापको लागि वैज्ञानिक रुपमा बालबालिकाहरु उत्साहित नभएसम्म सिकाई उपलब्धि राम्रो हुन सक्दैन । शिक्षण सिकाई प्रक्रियालाई ध्यान दिएर उपयुक्त मनोवैज्ञानिक रुपमा बालबालिकाहरु उत्साहित नभएसम्म ाम्रो हुन सक्दैन । तसर्थ शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीलाई सिकाईप्रति मनोवैज्ञानिक ढंगबाट प्रेरित गर्नका लागि कक्षाकोठा देखि विद्यालयको वातावरण अर्न्तगत समग्र पक्षको भौतिक व्यवस्थापन हुनु जरुरी छ । यस अन्तर्गत विद्यार्थी संख्याको आधारमा कक्षाकोठाको आकार ,प्रकाश दिने झ्याल ढोका,उमेर अनुसारको डेक्स बेन्च,बिजुलिको व्यवस्थापन गरेअनुसार सिकाई दिगो हुन्छ ।( अधिकारी २०६८)

विद्यालयको भौतिक पक्षको सुधार गर्नको लागि शिक्षक,अभिभावक,स्थानिय समुदायको अर्न्तक्रिया गरी कार्यान्वयन पक्षलाई सफल गर्ने गरी व्यवस्थापन गर्नुपर्छ । अभिभावकले आफ्ना छोरछोरीले शिक्षा हासिल गर्ने पवित्र मन्दिरको भौतिक स्थितिको बारेमा चासो राख्न अत्यन्त जरुरी हुन्छ ।अभिभावक,स्थानिय समुदायले पनि भौतिक सुधार गर्नको लागि सहयोग गरेमा विद्यालयको भौतिक पक्ष राम्रो हुन जान्छ ।

नेपालका सामुदायिक र संस्थागत गरी दुई किसिमका विद्यालयहरु विद्यमान छन् । लगानिको हिसाबले संस्थागत विद्यालयहरुमा प्रत्यक्ष लगानि गर्नुपर्ने भएकोले अभिभावकहरु विद्यालयको अवस्थाको बारेमा अध्ययन,अनुगमन चासो राख्ने गरेको पाइन्छ । साथै विद्यार्थीहरुको शैक्षिक

उपलब्धिको बारेमा चासो राखि सल्लाह,सुझाव दिने गरेको पाइन्छ। यसै सर्न्दभमा अधिकारी (२०६७) का अनुसार संस्थागत विद्यालयको सन्दर्भमा मापदण्ड भन्दा कम वा सो सरह मात्र कक्षामा विद्यार्थी रहेको देखिन्छ । भौतिक पूर्वाधारको अवस्था सन्तोषजनक रहेको छ भने कक्षाकोठा व्यवस्थापनमा शिक्षक,प्रशासन र विद्यार्थीहरुको सक्रियता उल्लेखनिय रहेको पाइन्छ ।

विद्यालयको भवन बनाउँदा निर्धारित मापदण्ड भित्र रहेर बनाउने,निर्माणमा बलियो र टिकाउ हुने खालको सामानहरु प्रयोग गरि प्रत्येक कक्षाकोठा घाम,हावा,आवतजावत हुने तरीकाले बनाउनु जरुरी छ । यसै सन्दर्भमा आधारभुत विद्यालयको भौतिक अवस्थाको बारेमा गरेको अध्ययनमा शिक्षक विद्यार्थीको अनुपात ११.४ भन्दा कम र कक्षाकोठामा विद्यार्थी अनुपात १.१४ भन्दा बढी पाईयो । शौचालयको व्यवस्थापनमा विद्यार्थी अनुपात १.१४ भन्दा बढि पाइयो। शौचालयको व्यवस्थापनमा कमजोर भएको ,पिउने पानीको व्यवस्था पनि कम भएको अध्ययन क्षेत्रका सबै विद्यालयको खेलमैदान सानो र खेलकद सामाग्री अर्पयाप्त भएको,भौतिक निर्माणको कार्यन्वयन पक्ष फितलो भएको ,विद्यालयमा छात्रावास गृहको अभाव भएको जस्ता आवश्यकताहरु पनि अर्पयाप्त भएको देखिएको छ ।

माथि उल्लेखित सबैको उचित व्यवस्थापन गरी शिक्षण कार्य गरेमा प्रभाबकारी हुने भएको देखिन्छ ।

माथिको अध्ययनबाट विद्यालयको भौतिक व्यवस्थापनलाई केन्द्रविन्दु मानेर अध्ययन भएको देखिन्छ। शिक्षा ऐन तथा नियमावलीहरुमा भौतिक व्यवस्थापन सम्बन्धमा स्पष्ट किटान भएको पाइयो । अतःसामुदायिक विद्यालयको भौतिक व्यवस्थापनको बारेमा अध्ययन गरिएको छ । शोधकर्ताद्वारा सामुदायिक विद्यालयलाई मध्यनजर गदै भरतपुर महानगरपालिका भित्रका सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनको बारेमा अध्ययन गरिएको छ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

निश्चित अवधारणा बिना कुनै पनि अनुसन्धान सफल हँदैन त्यसैले अनुसन्धानका लागि विभिन्न सिद्धान्तको आधारमा अनुसन्धान गनुपर्छ । यस शोधत्रको मुख्य उद्देश्य भनेको सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनको समस्या र समाधानका उपायहरु हासिल गर्नको लागि यी अध्ययनले निम्न उद्देश्यसँग मेल खाने सिद्धनान्तहरुमध्ये चेष्टर आई बर्नाडको व्यवहारबादी सिद्धान्त, एफ.डब्ल टाइलर (सन् १९६०) को बैज्ञानिक व्यवस्थापनको सिद्धान्त

र मेरी पार्कट फोलेटको मानव सम्बन्ध सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरी यस अध्ययनलाई सरल, सहज र प्रष्ट पार्ने प्रयास गरिएको छ । वि.स.२०१७ ले उदृत गरे अनुसार चेष्टर आई बर्नाडले आफ्ना सिद्धान्तलाई तीन भागमा विभाजन गरेका छन् ।

बर्नाडका अनुसार व्यवस्थापन आफैमा सामाजीक संगठन हो । संगठनमा व्यवस्थापकीय पद्धतिसँग गाँसिएका कुराहरु प्रभावकारीता उन्मुख र व्यक्तिगत रुपमा जोडीएका कुराहरु दक्षता उन्मुख हुनुपर्छ भन्ने धारण अघि सारेका छन् । संगठनका साझा उद्देश्य हासिल गर्नका लागि राम्रो उल्पादन,विवरण प्रभावकारी र काम गर्ने कर्मचारीहरुमा दक्षता हुनुपर्छ । ती दुवैको संयोजनबाट कार्य सम्पादन व्यवहारीक र प्रभावकारी हुन्छ ।

बर्नाडका अनुसार संगठन एउटा निश्चित ढाँचामा संचालन भएको हुन्छ । जहाँ नीति, नियम,जिम्मेवारी,काम,कर्तव्य,अधिकारी,उत्तरदायित्व,जवाफदेहिताको रुपमा परिभाषित र औपचारिक रुपमा विभाजन गरिएको हुन्छ । प्रक्रियागत ढंगबाट अविच्छिन्न रुपमा तल्लिन रहनुपर्छ ।

बर्नाडका अनुसार एउटा औपचारिक संगठन भित्र एक भन्दा बढि खालका औपचारिक सम्बन्धहरु राख्ने समुह हुन्छन् जसलाई व्यवस्थापकले आत्मसाथ गरि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा व्यवस्थापनमा प्रभाव पारेको हुन्छ । तसर्थ कर्मचारिहरुलाई प्रोत्साहित गर्न उचित व्यवहार पारस्परिक तथा सन्तोषजनक व्यवहार गरी सकयोगात्मक भावना विकास गर्नुपर्दछ भनि जोड दिएको छ ।

टेलरले आफ्ना कार्यक्षेत्रमा देखेका भोगेका समस्या तथा जटिलतालाई द प्रिन्सिपल अफ साइन्टीफक म्यनेजमेन्ट पुस्तक मार्फत आफ्नो मुलभूत व्यवस्थापन सम्बन्धि सिद्धान्त बाहिर ल्याएका थिए । उनले अनुभव र अध्ययन अनुसन्धानका आधारमा वैज्ञानिक ढंगबाट कम साधन र स्रोतलाई व्यवस्थापन गरियो भने उत्पादकत्व र कुशलतामा वृद्धि गराउन सकिन्छ भन्ने दृष्टिबोण यस सिद्धान्तमा अगाडि सारेका

मेरी पार्कट फोलेटको मानव सम्बन्धका लागि चार वटा आाधारभुत तत्वको आवश्यक पर्ने धारण औल्याएकी छन् ।

**१. सम्बद्ध व्यक्तिहरुको प्रत्यक्ष सम्पर्कद्धारा समन्वय**

व्यवस्थापकले संगठनमा कार्यरत सबै कामदारहरुको भावना विकास गर्न प्रत्यक्ष रुपमा सम्पर्क वा समन्वय गर्नुपर्छ । संगठनको सामुहिक लक्ष्य प्राप्तीका लागि आपसमा हरेक व्यक्तिका विचार ,समस्या,काम गर्ने तौर तरिका आदिको दोहोरो सञ्चारको माध्यमबाट आमनेसामने रुपमा नै प्रत्यक्ष सम्पर्क भएको खण्डमा संगठनमा कामदार बिच उत्प्रेरणा जागृत भई कार्य सम्पादन गर्न तथा उपलब्धी हासिल गर्न सकिन्छ ।

**२. प्रारम्भिक अवस्थामा समन्वय.**

समन्वय गर्ने प्रक्रियाको थालनी कार्यन्वयनको प्रारम्भिक चरणबाट सूरु गर्नुपर्छ समयमानै समन्वय कार्यको थालनी देखि गर्नाले कामदारको आपसी सम्बन्धमा सुधार हुँदै जान्छ र निर्णय प्रक्रिया, निति निर्माण, योजना तर्जुमा र कार्यन्वयन आदि सबैमा नै उनीहरुको सहजै रुपमा समन्वय र सहभागिता हुन्छ । फलस्बरुप संस्थागत लक्ष्य हासिल गर्न अभियानले सफलता पाउँछ ।

**३. सबै अवस्थामा पारस्परिक सम्बन्धका रुपमा समन्वय**

संस्थामा व्यवस्थापक र कामदार बिच समन्वय गर्न एक आपसमा अर्न्तसम्बन्धमा ध्यान दिई संस्थाका पूर्व निर्धारित लक्ष्य हासिल लागि आपसमा पारस्परिक र सौहार्दपूर्णसम्बन्ध स्थापन गरी समय परिस्थिति अनुसार अघि बढनेतर्फ व्यवस्थापकले उल्लेखनीय भूमिका खेल्नुपर्दछ ।

**४. एक निरन्तर प्रक्रियाको रुपमा समन्वय**

व्यवस्थापनलाई गतिशिल बनाई राख्न आपसमा समन्वय गर्ने कार्यलाई निरन्तर प्रक्रियाको रुपमा कार्यन्वयन गर्न व्यवस्थापक र कामदार बिचको सम्बन्ध सधै ताजा रहनरपर्दछ ।

## २.३ शैक्षिक उपादेयता

यस शोध कार्यमा भरतपुर महानगरपालिकाको सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनको प्रभाव शीर्षकमा केन्दित भई पूर्व साहित्यको  अध्ययन र समिक्षातमक विवरण आधारमा भौतिक व्यवस्थापनमा आएका परिर्वतनहरुलाई समय सापेक्ष सुधार गर्न सहयोग मिल्नेछ भन्ने आशा राखेको छु । साथै यो अध्ययनले सम्बन्धित क्षेत्रका विद्यार्थी,विद्यालय, शिक्षक, प्रधानाध्यापक,अभिभावक र सम्बनिधित सरोकार पक्षहरुलाई विद्यालयको भौतिक अवस्थाको

बारेमा जानकारी उपलब्ध गराई शिक्षण सिकाईमा भौतिक व्यवस्थापनको आवश्यकता,समाधानको उपायहरुको बारेमा जानकारी दिएको छ ।

विद्यालयको भौतिक व्यवस्थापनको अवस्था र त्यसमा भएका समस्या पहिचान गर्ने उद्देश्यको लारि चेष्टर आइ वर्नाडको व्यवहारवादी सिद्धान्त ,व्यवस्थापन समितिले गरेका प्रयास तथा समस्या समाधान उपायहरुमा मेरो पार्कर  फोलेटको मानव समन्वय सिद्धान्त र विद्यालयको व्यवस्थापनमा भएको समस्याहरु समाधानका लागि एफ डब्लु. टाइलरको वैज्ञानिक व्यवस्थापन सिद्धान्तले पुयाउने छ । यस अध्ययनमा सम्बन्धित साहित्यको पुनरावलोकनले सही मार्ग निर्देशन दिन्छ । अध्ययनका कममा धेरै बिषयवस्तुलाई समेटन खोज्दा सैद्धान्तिक विचलन हुनवाट जोगाउन सम्बधित साहित्यको पुनारावलोकनले सहयोग पुर्‍याएको र सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन सम्बन्धमा अध्ययन गरिने हुनाले यस शोधले सरोकारवाला व्यक्तिहरु लभान्वित भई विद्यालयको भौतिक व्यवस्थापन पनि समय सापेक्ष रुपमा परिवर्तन गर्न मद्दत पुर्‍याउँछ । अधिकांश सामुदायिक गन मद्दत पुर्‍याउँछ । नेपालका अधिकांश सामुदायिक विद्यालयहरुको भौतिक अवस्था कमजोर रहेको छ। कतिपय ठाउँमा सोत र साधन पयाप्त भएर पनि सही रुपमा त्यसलाई सदुपयोग भएको छैन भने कतिपय ठाउँमा थोरै स्रोत र साधन भएता पनि तिनीहरुको सही परिचालन गरेर  उत्कृष्ट विद्यालय बनेका विद्यालयहरु पनि देखिन्छन् ।दयस अध्ययनले के देखाउछ भने विद्यालयमा आकर्षक शौक्षक सामागि,पर्याप्त खेलमैदान,उचित प्रकारका खेल सामाग्रि,शुद्ध खानेपानी,शौचालय आदिको राम्रो व्यवस्था हुनु पर्दछ  अनि मात्र शिक्षको गुणस्तर वृद्धि हुन जान्छ ।

## परिच्छेद तीन

## अध्ययन विधि र प्रक्रिया

अनुसन्धान व्यवस्थित तथा वैज्ञानिक रुपमा नयाँ ज्ञानको खोजि गर्ने विद्या हो । वैज्ञाानिक विधिको प्रयोग गरी कनैखमस समस्याको योजनाबद्ध खोजि गर्ने कार्य हो । जस अर्न्तगत अनुसन्धानकर्ताले योजनाबद्ध र नियन्त्रित विधिहरु प्रयोग गरेर पूर्ण रुपमा स्थापित कनै दुई वा दुई भन्दा बढी चरणहरु बीचको सम्बन्ध पहिचान गरेर नयाँ तथ्य सिद्धान्तको खोजि हुनु हो ।

अनुसन्धान कार्य एक जटिल कार्य भएको हुनाले अन्सन्धानलाई प्रभावकारी बनाउन र सहज तरिकाबाट उद्देश्य पूरा गर्नको लागि पूर्वनिर्धारित तरिकाबाट अनुसन्धान कार्य अघि बढाएमा जटिल कार्य पनि सहज सरल हुने हुँदा यस परिच्छेदमा अनसन्धान ढाँचा, जनसंख्या, नमुना छनोट प्रक्रिया, तथ्यांक संकलनका साधन स्रोत प्रक्रियाको बारेमा चरणबद्ध उल्लेख गरिएको छ ।

### ३.१ अनुसन्धानात्मक ढाँचा

चितवन जिल्ला भरतपुर महानगरपालिका अर्न्तगतका सामुदायिक विद्यालयहरु मध्येबाट साधारण नमुना छनौट विधिद्वारा विद्यालयको छनोट गरिएको छ। यस अध्ययनलाई प्रभावकारी बनाउनका लागि नमुना छनोट विधि प्रयोग गरेर सम्बन्धित विषयबस्तुलाई गहन अध्ययन गर्नका लागि अवलोकन तथा अन्तरक्रियाको माध्यमबाट सत्य तथ्य निकाल्ने प्रयास गरिएको छ। यसका अलावा विद्यालय सर्वेक्षण फारम, प्रश्नावली र अन्तरवार्ता प्रश्नावली अनुसन्धानका तथ्यांक संकलनका साधनहरु रहेका छन् । अध्ययन कार्यमा प्राथमिक तथ्यांक संकलनमा

जोड दिई सामुदायिक विद्यालयको  भौतिक व्यवस्थापनलाई चित्रण गर्न खोजिएको छ । यस अध्ययनमा भरतपुर महानगरपालिका भित्रका एकाउन्न सामुदायिक विद्यालयहरु मध्येबाट पाँच वटा सामुदायिक विद्यालयहरुलाई नमुना छनोट गारिएको छ ।

### ३.२ अध्ययन जनसंख्या र नमुना छनौट

चितवन जिल्लाको भरतपुर महानगरपालिका  अन्तर्गतका एकाउन्न वटा सामुदायिक विद्यालयहरु रहेका छन् । यस अध्ययन क्षेत्रमा  समावेश भएका सबै विद्यालयहरुलाई  समेट्न सम्भव नभएकाले सीमित स्रोत र साधनलाई मध्यनजर गरी भरतपुर महानगरपालिकामा एकाउन्न सामुदायिक विद्यालयहरु मध्येबाट पाँच वटा सामुदायिक विद्यालयहरुलाई नमुना छनोट विधिद्धारा छनोट गारिएको छ । जस अर्न्तगत  किरण अमरजङ्ग गुरुङ माध्यामिक विद्यालय, भरतपुर -१९,लक्ष्मी माध्यामिक विद्यालय, भरतपुर -०४, अन्नपूर्ण माध्यामिक विद्यालय, भरतपुर -२१, विश्व प्रकास माध्यामिक विद्यालय, भरतपुर -१९ र चितवन माध्यामिक विद्यालय, भरतपुर -१९  रहेका छन् । पाँच जना प्रधानाध्यापक ,पन्ध्र जना अभिभावक,पाँच जना विद्यालय व्यवस्थापनका अध्यक्ष,दश जना शिक्षक ,पन्ध्र जना विद्यार्थी गरि जम्मा पचास जना उत्तरदातालाई अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

### ३.३ तथ्याङ्क सङ्कलनका साधन

प्राथमिक र सहायक स्रोतहरुबाट महत्वपूर्ण तथ्याङ्क सङ्कलन गर्नका लागि अवलोकन फारम, अन्तरर्वार्ता सूची, क्षेत्र छनोट र दस्तवेज विश्लेषण जस्ता साधनहरुको प्रयोग गरिएको छ ।

### ३.४ तथ्याङ्कको संकलनका स्रोत

यस अध्ययनमा तथ्याङ्क संकलन गर्नको लागि प्रथमिक र द्धितिय दुबै स्रोतहरुलाइ उपयोग गरिएको छ ।  अन्तर्वार्ता, सूची, अवलोकन फारम र अध्ययनको क्षेत्रबाट संकलन गरिएका तथ्याङ्कहरुलाई प्राथमिक तथ्याङ्कको रुपमा लिइएको छ भने द्धितिय स्रोत अर्न्तगत सम्बन्धित विद्यालयको विद्यालय सुधार योजना फारम,विद्यालय स्मारिका र विद्यालयको व्यवस्थापन समितिका बैठक पुस्तिका,विभिन्न दस्तावेजहरुको अध्यनबाट प्राप्त तथ्याङ्कलाई  द्धितीय तथ्याङ्कको रुपमा उपयोग गरिएको छ ।

### १ अवलोकन फारम

विद्यालयको वर्तमान अवस्थामा भौतिक व्यवस्थापनको अवस्था र प्रयासहरुको पहिचानको लागि भौतिक सुविधाका विभिन्न शिर्षकहरुको विद्यालय सर्वेक्षण फारम तयार पारिएको छ ।

### २.प्रश्नावली

विद्यालयको वर्तमान भाौतक व्यवस्थापकिय अवस्था पहिचान गर्ने तथा सो समस्या र सुधारका प्रयासहरु लेखाजोखा गर्ने उद्देश्यले सम्बन्धित विद्यालयको व्यवस्थापन समिति अध्यक्ष,शिक्षक,प्र.अ.,अभिभावकहरुका लागि भिन्न भिन्नै प्रश्नावली तयार गरि प्रयोग गरिएको छ ।

### ३. समुह छलफल

विद्यालयका भौतिक व्यवस्थापन सम्वन्धमा विद्यालयको वर्तमान अवश्था पहिचान गर्न तथा अध्ययन क्षेत्रिभत्रका विद्यालयहरुको प्रत्यक्षा अवलोकल, गर्दै विविध पक्षहरुको तथ्याङ्क संकलन गरी सो सँग सम्बन्धित समस्याहरुको पहिचान गर्दै समाधानका उपायहरु खोज्ने उद्देश्य अनुरुप व्यवस्थापन समिति अध्यक्ष,शिक्षक,प्र.अ.,विद्यार्थी,अभिभावकहरु सँग प्रत्यक्ष गई अनुसुचीको आधारमा समुह छलफल गरिएको छ ।

### ३.५ तथ्याङ्क संकलन प्रक्रिया

पहिलो चरणमा अध्ययनका लागि छनोटमा परेका विद्यालयमा शोधकर्ता आफै अध्ययन क्षेत्रमा उपस्थित भई विद्यालयको प्रार्चायलाई प्रत्यक्ष भेटी आफ्नो अध्ययनको प्रयोजन र विषयवस्तुका बारे जानकारी गराई आवश्यक तथ्याङ्क सङ्कलन गर्नका लागि उचित वातावरण सिर्जना गरिदिन आग्रह गरी आवश्यक निर्माण भएका प्रश्नावली भर्न लगाउने काम गरिने छ । त्यस्तै उत्तरदाताको रुपमा छनोटमा परेका विद्यालय व्यबस्थापन समितिका अध्यक्ष, अभिभावकहरुका बारेमा जानकारी लिई उनीहरुसंग प्रत्यक्ष भेट गरी अन्तरवार्ता प्रश्नावली प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

पुनःविद्यालयमा शोधकर्ता आफै उपस्थित भई प्रधानाध्यापकसँग अन्तरवार्ता लिने ,आवश्य अभिलेखको अध्ययन एवंम् रिपोर्ट गर्ने, तथा उत्तरदाता शिक्षक, विद्यालय व्यवस्थापन समितिका

अध्यक्ष, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु तथा अभिभावकहरुलाई भेट गरि अन्तरर्वार्ता सूची भर्ने र विद्यार्थीसँग प्रत्यक्ष छलफल गरी स्रोतव्यक्तिसँग प्रश्नावली सूची भर्ने तथा प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुसँग छलफल,अन्तरर्वार्ता प्रश्नावली गरेर विद्यालयमा उपलब्ध कागजात अध्ययन गरि तथ्याङ्क संकलन गरिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययनका क्रममा प्राथमिक तथा सहायक स्रोत मार्फत संकलन गरिएका तथ्याङ्कहरुलाई स्पष्ट अर्थपुर्ण र व्यवस्थित बनाउनका निम्ति विश्लेषण गरि तथ्याङ्कलाई व्यखात्मक रुपमा व्याख्या गरिएको छ भने प्राप्त तथ्याङ्क सार्थकता परिक्षण गर्ने प्राप्त गरि तथ्याङ्कलाई वर्णत्मक तरिकाले विश्लेषण गरिने छ । विद्यालयको शैक्षिक उपलब्धिको लागि भौतिक व्यवस्थापनका पक्षहरुका के कस्ता समस्याहरु पत्ता लगाई विद्यार्थी,शिक्षक, व्यवस्थापन समिति, स्रोतव्यक्ति प्र.अ.का भुमिकाहरुको समेत लेखाजोखा गर्दै ती समस्यहरुलाई कसरी हटाउने भनी अध्ययनकर्ता स्वंय् वास्तविक अध्ययन क्षेत्रमा गई प्राथमिक र द्वितीय स्रोतको आधारमा वास्तविकता पत्ता लगाउने तथ्याङ्क संकलन गर्ने प्रयत्न गरिने छ । तथ्याङ्क संकलन गर्दा छनोट गरेको विद्यालयमा गई सामुदायिक विद्यालयको भौतिक अवस्था पत्ता लगाउन सवेक्षण फारम विद्यालयको भौतिक व्यबस्थापन देखिएका समस्या र ति समस्याहरुलाईं कसरी समाधान गर्ने उपायहरु पत्ता लगाउनको लागि अलग अलग प्रश्नावलीको निर्माण गरी गहन अन्तरर्वार्ता, अवलोकन फारम जस्ता साधनहरुको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.७ नैतिकताको मापदण्ड

विद्यालयको भौतिक व्यवस्थापनको अध्ययनपछिको नैतिकताको मापदण्डले विद्यार्थी,शिक्षक,र विद्यालय प्रशासन बिचको आपसी व्यवहार आचरण र जिम्मेवारीलाई निर्देशन गर्दछ ।
भौतिक व्यवस्थापन जस्तै भवन,कक्षा,सरस्फाई र स्रोत व्यवस्थापनले विद्यार्थीहरुको शारिरिक मानसिक वातावरणमा प्रत्यक्ष असर पार्छ । भौतिक व्यवस्थापनले विद्यार्थीलाई शान्त,स्वच्छ र सुरक्षित वातावरमा राख्छ जसले नैतिक मुल्य र आचरयाको विकासलाई प्रेरित गर्छ ।

## परिच्छेद ४

## नतिजाको विश्लेषण

यस  परिच्छेदमा नमूना छनोटमा परेका सामुदायिक विद्यालयमा भौतिक व्यवस्थापन सम्बन्धि स्थलगत अध्ययनबाट प्राप्त सूचनालाई उद्देश्यको आधारमा वर्गिकरण गरी विश्लेषण गरिएको छ ।

### ४.१ सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन

सामुदायिक विद्यालयमा भौतिक व्यवस्थापनको अध्ययन अन्तर्गत अध्ययनका लागि नमूना छनोट गरिएको जनसङ्ख्याबाट प्राप्त तथ्याङ्कहरुलाई विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएको छ ।छनोटमा परेका विद्यालयका प्रधानाध्यापक,विद्यालय व्यवस्थापन समितीका अध्यक्ष,शिक्षक,अभिभावक,विद्यार्थीको प्रश्नावली र प्रत्यक्ष सर्वेक्षण फारमबाट प्राप्त गरिएको छ । यस परिच्छेदमा अध्ययनको उद्देश्यक्रम अनुसार सामुदायिक विद्यालयको  भौतिक व्यवस्थापनको अवस्था,भौतिक व्यवस्थापनमा भएको प्रयास , सामुदायिक विद्यालयहरुको भौतिक व्यवस्थापनमा देखिउका समस्याहरु र यसका समाधान र समाधानका उपायहरुलाई विभिन्न शीर्षक तथा उपशीर्षकहरु राखी अध्ययनबाट प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ ।

सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनको अवस्थालाई निम्न अन्तर्गत तथ्याङ्कको सङ्कलन गरी सो तथ्याङ्कका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

#### १. जग्गा व्यवस्थापन

अध्ययनका लगि छनोटमा परेका विद्यालयहरुमा भएको जग्गा र त्यसको प्रयोगका बारेमा निम्नानुसार अध्ययन गरिएको छ ।

**तालिका : १ विद्यालयको जग्गाको अवस्था**

| क.स. | विद्यालयको नाम | क्षेत्रफल | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | श्री किरण अमरजङ्ग गुरुङ मा.वि भरतपुर १९ | १२ विघा | ३२.४३ | आफ्नै |
| २. | लक्ष्मी मा.वि भरतपुर ४ | ५ विघा | १३.५१ | आफ्नै |
| ३. | अन्नपुर्ण मा.वि भरतपुर २१ | ३ विघा | ८.१० | आफ्नै |
| ४. | विश्व प्रकास मा वि भरतपुर १५ | ९ विघा | २४.३२ | आफ्नै |
| ५. | चितवन मा.वि भरतपुर | ८ विघा | २१.६२ | आफ्नै |
| | जम्मा | | १०० | |

*स्रोतः स्थलगत सर्वेक्षण २०८१*

तालिका नं १ को आधारमा अध्ययन छनोटमा परेका पाँचओटा सामुदायिक माध्यामिक विद्यालयहरुको सबैको जग्गा धेरै रहेको पाइयो ।किरण अमरजङ्ग गुरुङ माध्यामिक विद्यालयको १२ विघा,लक्ष्मी माध्यामिक विद्यालयको ५ विघा,अन्नपुर्ण माध्यमिक विद्यालयको ३ विघा,विश्वप्रकास माध्यमिक विद्यालयको ९ विघा,चितवन माध्यामिक विद्यालयको ८ विघा रहेको छ । पाँचओटै विद्यालयहरुको आफ्नै भवनमा विद्यालय स्थापना भएको र भौतिक संरचना उत्तम खालको पाइयो ।

## २. भवन व्यवस्थापन

अध्ययनको लागि छनोटमा परेका विद्यालयहरुमा भएका भौतिक साधन तथा स्रोतहरुको अवस्था पत्ता लगाउन र त्यसको समुचित प्रयोग भए नभएको विश्लेषण गर्न,विद्यालयहरुको अवलोकन तथा प्राप्त अभिलेखहरुको आधारमा विद्यालयको व्यवस्थापनको बारेमा निम्नानुसार अध्ययन गरिएको छ ।

**तालिका २ : विद्यालयको भवनको अवस्था**

| क.स. | विद्यालयको नाम | भवन | प्रतिशत | छानो | कोठा | प्रतिशत | सञ्चालित |
|---|---|---|---|---|---|---|---|
| १ | श्री किरण अमरजङ्ग गुरुङ मा.वि भरतपुर १९ | ७ | ३५ | कंक्रिट । टिन | ३० | १७.२४ | इसिडि -१० |
| २ | लक्ष्मी मा.वि भरतपुर ४ | ३ | १५ | कंक्रिट । टिन | ३७ | २१.२६ | इसिडि -१० |
| ३ | अन्नपुर्ण मा.वि भरतपुर २१ | ४ | २० | कंक्रिट । टिन | ३८ | २१.८३ | इसिडि -१२ |
| ४ | विश्व प्रकास मा वि भरतपुर १५ | ३ | १५ | कंक्रिट । टिन | ३५ | २०.११ | इसिडि -१२ |
| ५ | चितवन मा.वि भरतपुर | ३ | १५ | कंक्रिट । टिन | ३४ | १९.५४ | इसिडि -१० |
| | | | | | | | |

*स्रोत : स्थलगत सर्वेक्षण*

*२०८१*

माथिका तालिका २ अनुसार विद्यालयको भवनको अवस्थालाई अध्ययन गर्दा ५ वटा विद्यालयका आफ्नै जग्गामा भवन निर्माण भएको हुँदा भवनको अवस्था राम्रै पाइयो । किरण अमरजङ्ग गुरुङ माध्यामिक विद्यालयमा कंक्रिट र टिनको छाना गरी ७ वटा भवन जसमा ३० वटा कोठा,लक्ष्मी माध्यामिक विद्यालयको कंक्रिट र टिनको छाना गरी ३ वटा भवन जसमा ३७ वटा कोठा ५ ,अन्नपुर्ण माध्यमिक विद्यालयको कंक्रिट र टिनको छाना गरी ४ वटा भवन जसमा ३८ वटा कोठा,विश्वप्रकास माध्यमिक विद्यालयको कंक्रिट र टिनको छाना गरी ३ वटा भवन जसमा ३५ वटा कोठा ,चितवन माध्यामिक विद्यालयको कंक्रिट र टिनको छाना गरी ३ वटा भवन जसमा ३४ वटा कोठा रहेको पाइयो । टिनको छानामुनि विद्यालय सञ्चालन गर्दा घाममा पोल्ने, वर्षामा चुहिने, वर्षाको अवस्थामा पढाउन असजिलो हुने, एउटा कक्षाको आवाज अर्को कक्षामा जाने हुँदा हो-हल्ला बढी हुने र शिक्षण सिकाइ क्रियाकलापमा बाधा पुगेको पाइयो ।

### ३. कक्षाकोठा व्यवस्थापन

विद्यालय सिकाइलाइ प्रभावकारी ढंगबाट सञ्चालन गर्न कक्षाकोठाको उचित व्यवस्थापन हुन जरुरी हुन्छ । कक्षाकोठाको व्यवस्थापन भित्र कक्षाकोठाको आकार,झ्याल ढोका र भित्रका आवश्यक सामाग्रिहरु र सेतोपाटी,कालोपाटी,डेक्स बेन्च आदिको व्यवस्थापन पर्दछ ।अध्ययन गरिएका विद्यालयहरुमा ४० प्रतिशत विद्यालयहरुको कक्षाकोठाको व्यवस्थापन सामान्य पाइयो भने ६० प्रतिशत विद्यालयहरुको कक्षाकोठाको व्यवस्थापन राम्रो पाइयो । साथै विद्यालयहरुमा सेतोपाटी र मार्करको प्रयोग गरेको पाइयो जसले गर्दा धुलो रहित कक्षाकोठाको व्यवस्थापन गर्न सकेको पाइयो ।

### ४. कक्षाको विद्यार्थी क्षमता

अध्यापन कार्यलाई सरल,सहज र परिणममुखि ढंगबाट सञ्चालन गर्नका लागि कक्षाकोठा व्यवस्थापन अत्यन्त महत्वपूर्ण हुन्छ । कक्षाकोठाको उचित व्यवस्थापन भित्र कक्षाकोठा भित्र विदार्थी संख्या पनि पर्दछ ।शिक्षा नियमावली २०५९ अनुसार तराईमा ५० जना सम्म,पहाडमा ४५ जना सम्म र हिमालमा ४० जना सम्म विद्यार्थी संख्या हुनुपर्दछ भन्ने कुरा उल्लेख भए अनुरुप सबै विद्यालयहरुले सो कुरामा ध्यान दिएको पाइयो  । छनोट गरिएको विद्यालयहरुको प्रतिकक्षा औषत विद्यार्थी निम्न अनुसार पाइयो ।

**तालिका ३ : औषत विद्यार्थी**

| क.स. | विद्यालयको नाम | कक्षा संख्या | विद्यार्थी संख्या | औषत विद्यार्थी |
|---|---|---|---|---|
| १ | श्री किरण अमरजङ्ग गुरुङ मा.वि भरतपुर १९ | १२ | ३११ | २५.९ |

| | | | | |
|---|---|---|---|---|
| २ | लक्ष्मी मा.वि भरतपुर ४ | २५ | ९०२ | ३६.० |
| ३ | अन्नपुर्ण मा.वि भरतपुर २१ | ३० | ११५० | ३८.३ |
| ४ | विश्व प्रकास मा वि भरतपुर १५ | २५ | ८६० | ३४.४ |
| ५ | चितवन मा.वि भरतपुर | २० | ४५० | २२.५ |

*स्रोतः स्थलगत सर्वेक्षण २०८१*

माथिको तालिका ३ को विश्लेषण गर्दा सो विद्यालयहरुमा औषत विद्यार्थी संख्या ४५ भन्दा कम पाइयो तथा विद्यालयमा विद्यार्थीहरु नै कम भएका कारणले कक्षाकोठामा औषत विद्यार्थी संख्या कम भएको पाइयो। किरण अमरजङ्ग गुरुङ माध्यामिक विद्यालयमा ३११ जना विद्यार्थीका लागि शिक्षण गर्ने जम्मा कक्षाकोठा १२ वटा,लक्ष्मी माध्यामिक विद्यालयमा ९०२ जना विद्यार्थीका लागि शिक्षण गर्ने जम्मा कक्षाकोठा २५ वटा ,अन्नपुर्ण माध्यमिक विद्यालयमा ११५० जना विद्यार्थीका लागि शिक्षण गर्ने जम्मा कक्षाकोठा ३० वटा ,विश्वप्रकास माध्यमिक विद्यालयमा ८६० जना विद्यार्थीका लागि शिक्षण गर्ने जम्मा कक्षाकोठा २५ वटा ,चितवन माध्यामिक विद्यालयमा ४५० जना विद्यार्थीका लागि शिक्षण गर्ने जम्मा कक्षाकोठा २० वटा रहेको पाइयो । माथिको तालिका अनुसार सबै विद्यालयहरुमा विद्यालय भवन र कक्षाकोठा संख्या विद्यार्थीको अनुपातमा बढी रहेको तथा केही कक्षा कोठामा विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, सामाजीक प्रयोगशाला, गणित प्रयोगशाला,शिक्षक तथा प्र.अ का लागि व्यवस्था गरिएको र बाँकि कक्षाकोठाहरु खालि राखेको पाइयो ।

**तालिका ४ :औषत क्षेत्रफल**

| क्र.स. | विद्यालयको नाम | कोठाको क्षेत्रफल | विद्यार्थी संख्या | कक्षा संख्या | प्रति विद्यार्थी क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | श्री किरण अमरजङ्ग गुरुङ मा.वि भरतपुर १९ | १८* २४ | ३११ | १२ | ३.३४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | लक्ष्मी मा.वि भरतपुर ४ | १४* १६ | ९०२ | २५ | ०.८३ |
| ३ | अन्नपुर्ण मा.वि भरतपुर २१ | १८* २४ | ११५५ | ३० | १.३३ |
| ४ | विश्व प्रकास मा वि भरतपुर १५ | १५* १८ | ८६० | २५ | १.०० |
| ५ | चितवन मा.वि भरतपुर | १४* १६ | ४५० | २० | १.०४ |

*स्रोत : स्थलगत सर्वेक्षण २०८१*

तालिका नं ४ अनुसार कक्षाकोठाको क्षेत्रफल , विद्यार्थी संख्या र पठनपाठन भएको कक्षाकोठा संख्याको आधारमा प्रति विद्यार्थी क्षेत्रफल किरण अमरजङ्ग गुरुङ माध्यामिक विद्यालयमा ३.३४ ,लक्ष्मी माध्यामिक विद्यालयमा ०.८३,अन्नपुर्ण माध्यमिक विद्यालयमा १.३३ ,विश्वप्रकास माध्यमिक विद्यालयमा १.०० ,चितवन माध्यामिक विद्यालयमा १.०४ वर्गमिटर रहेको पाइयो ।

तालिका नं ४ मा अध्ययन गरिएका ४० प्रतिशत विद्यालयहरुमा कक्षाकोठा अवस्था कमजोर रहेता पनि विद्यार्थीको चाप कम रहेको कारण पनि मापदण्ड भित्र रहेको पाइयो । तर ६० प्रतिशत कक्षाकोठा फराकिलो तथा उचित व्यवस्थापन गरेको पाइयो । विद्यालयमा टिनको छानामुनि कक्षाकोठा रहेको कारण हो हल्ला,आवाज यताउता फैलिने कारणले पठनपाठनमा बाधा रहेको पाइयो ।

### ५. खानेपानी व्यवस्थापन

खानेपानी मानव स्वास्थ्यको लागि अति महत्वपूर्ण पक्ष हो । विद्यालय जाने बालबालिकाहरुलाई सफा खानेपानीको व्यवस्था नभएमा उनिहरुको स्वास्थ्यमा प्रतिकुल असर पर्न गई सिकाईमा परोक्ष प्रभाव पार्दछ । विद्यार्थीहरुको स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने खानेपानिको उचित

व्यवस्थापन गर्ने प्रत्येक विद्यालयको दायित्व हो ।अध्ययन गरिएका विद्यालयहरुका खानेपानीको अवस्था सर्वेक्षण गर्दा निम्नअनुसारको पाइयो ।

**तालिका नं ५: खानेपानीको अवस्था**

| क.स. | विद्यालयको नाम | विद्यार्थी संख्या | धारा संख्या | प्रतिधारा विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | श्री किरण अमरजङ्ग गुरुङ मा.वि भरतपुर १९ | ३११ | ४ | ७७.७५ |
| २ | लक्ष्मी मा.वि भरतपुर ४ | ९०२ | १० | ९०.२ |
| ३ | अन्नपुर्ण मा.वि भरतपुर २१ | ११५५ | १५ | ७७ |
| ४ | विश्व प्रकास मा वि भरतपुर १५ | ८६० | ४ | २१५ |
| ५ | चितवन मा.वि भरतपुर | ४५० | ४ | ११२.५ |

*स्रोत: स्थलगत सर्वेक्षण २०८१*

तालिका नं ५ अनुसार किरण अमरजङ्ग गुरुङ माध्यामिक विद्यालयमा प्रतिधारा विद्यार्थी संख्या ७७.७५ जना ,लक्ष्मी माध्यामिक विद्यालयमा प्रतिधारा विद्यार्थी संख्या ९०.२ जना,अन्नपुर्ण माध्यमिक विद्यालयमा प्रतिधारा विद्यार्थी संख्या ७७ जना ,विश्वप्रकास माध्यमिक विद्यालयमा प्रतिधारा विद्यार्थी संख्या २१५ जना,चितवन माध्यामिक विद्यालयमा प्रतिधारा विद्यार्थी संख्या ११२.५ जना रहेको पाइयो ।

तालिका नं ५ अनुसार अध्ययन गरिएको सम्पूर्ण विद्यालयहरुमा प्रतिधारा विद्यार्थी संख्या अत्याधिक रहेको पाइयो जसमा शुद्ध पिउनेपानी प्रदान गरेको पाइएता पनि सरसफाइको लागि पानी पर्याप्त नभएको पाइयो साथै प्रतिधारा विद्यार्थी संख्या बढी देखिएता पनि तह अनुसार पानी पिउने समय छुट्टाछुट्टै रहने गरी व्यवस्थापन गरेको पाइयो साथै सम्पूर्ण विद्यालयहरुले धारा संख्या थप गर्नु पर्ने देखिन्छ ।

## ६. शौचालयको व्यवस्थापन

शौचालयको व्यवस्थापन कुनैपनि विद्यालयको भौतिक व्यवस्थापनको महत्वपूर्ण पाटो हो ।विद्यालयको स्वच्छ वातावरण र विद्यार्थीहरुको स्वस्थ्यको लागि शौचालयको उचित व्यवस्था हुनु आवश्यक हुन्छ । नेपाल सरकारको निति अनुरुप प्रत्येक विद्यालयको छात्र छात्रा र शिक्षकहरुका लागि अलग अलग शौचालयको व्यवस्था हुनुपर्ने भन्ने शिक्षा नियमावली २०४९ मा उल्लेख छ। अध्ययनमा गरेका विद्यालयहरुका शौचालयको अवस्था सम्बन्धि गरेको सर्वेक्षण गर्दा निम्न अनुसारको अवस्था पाइयो ।

**तालिका नं ६ :शौचालयको व्यवस्था**

| क.स. | विद्यालयको नाम | शौचालय | विद्यार्थी संख्या | प्रति विद्यार्थी शौचालय |
|---|---|---|---|---|
| १ | श्री किरण अमरजङ्ग गुरुङ मा.वि भरतपुर १९ | ५ | ३११ | ६२.२ |
| २ | लक्ष्मी मा.वि भरतपुर ४ | ७ | ९०२ | १२८.८५ |
| ३ | अन्नपुर्ण मा.वि भरतपुर २१ | ८ | ११५५ | १४४.३७ |
| ४ | विश्व प्रकास मा वि भरतपुर १५ | ५ | ८६० | १७२ |
| ५ | चितवन मा.वि भरतपुर | ५ | ४५० | ९० |

*स्रोत :स्थलगत सर्वेक्षण २०८१*

तालिका नं ६ अनुसार किरण अमरजङ्ग गुरुङ माध्यामिक विद्यालयमा प्रति शौचालय विद्यार्थी ६२.२ जना ,लक्ष्मी माध्यामिक विद्यालयमा प्रति शौचालय विद्यार्थी १२८.८५ जना,अन्नपुर्ण माध्यमिक विद्यालयमा प्रति शौचालय विद्यार्थी १४४.३७ जना ,विश्वप्रकास माध्यमिक विद्यालयमा प्रति शौचालय विद्यार्थी १७२ जना,चितवन माध्यामिक विद्यालयमा प्रति शौचालय विद्यार्थी ९० जना रहेको पाइयो ।

माथिको तालिका ६ विश्लेषण गर्दा प्रत्येक विद्यालयमा छात्र, छात्रा र शिक्षकहरुका लागि अलग अलग शौचालयको व्यवस्था भएको देखिन्छ ।अध्ययनका क्रममा विद्यार्थीहरुसँग शौचालयको बारेमा बुझ्दा ६० प्रतिशत विद्यार्थीहरु ले ठिकै भनि बताए पनि ४० प्रतिशत विद्यार्थीहरुले समस्या रहेको बताए । साथै प्रति शौचालय विद्यार्थी बढी देखिएता पनि तह अनुसार समय छुट्टाछुट्टै रहने गरी व्यवस्थापन गरेको पाइएता पनि सम्पूर्ण विद्यालयहरुले शौचालय संख्या थप गनुपर्ने देखिन्छ ।

छात्राको शौचालयको तुलनामा छात्रहरुको शौचालयको बढी फोहोर पाइयो । उनिहरुको शौचालय आवलोकन गर्दा प्लाष्टिक,काजगका टुक्राहरु छरपस्ट फालिएको पाइयो । शौचालयको सरसफाइलाई ध्यान दिदै सबै विद्यालयहरुले यसको उचित व्यवस्थापन गर्न सके समग्र विद्यालयको सरसफाइमा यसले टेवा पुऱ्याउने देखिन्छ ।

### ७. फर्निचरको व्यवस्थापन

शिक्षण सिकाइलाई उपलब्धि मुलक बनाउनको लागि कक्षाकोठा,शैक्षिक सामाग्रिहरुको उचित व्यवस्थापन गर्नको लागि विद्यालयमा फर्निचरको आवश्यकता हुन्छ ।उचित फर्निचरको व्यवस्थापनबाट मात्र सिकाइ प्रभावकारी बन्दछ । शिक्षा ऐनमा उल्लेख भए अनुसार प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीलाई पुग्ने गरी उमेर अनुसारको उचित फर्निचरको व्यवस्था विद्यालयमा हुनुपर्दछ ।अध्ययनमा लागि छनोटमा परेका विद्यालयको फर्निचरको अवस्था निम्नानुसार रहेको पाइयो ।

**तालिका नं ७ : फर्निचरको अवस्था**

| क्र.स. | विद्यालयको नाम | डेस्क बेन्च | कुर्सि | टेबल | दराज | ऱ्याक |
|---|---|---|---|---|---|---|
| १ | श्री किरण अमरजङ्ग गुरुङ मा.वि भरतपुर १९ | १५० | ३७ | २० | १५ | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | लक्ष्मी मा.वि भरतपुर ४ | ३५० | ४० | ४० | ३० | २७ |
| ३ | अन्नपुर्ण मा.वि भरतपुर २१ | ४०० | ४२ | ४० | ३५ | ३३ |
| ४ | विश्व प्रकास मा वि भरतपुर १५ | २०० | ३५ | ३४ | ३० | २८ |
| ५ | चितवन मा.वि भरतपुर | १७० | ३४ | २९ | २५ | २४ |

*स्रोत:स्थलगत सर्वेक्षण २०८१*

तालिका नं ७ अनुसार विश्लेषण गर्दा फरक फरक विद्यालयको फर्निचरको अवस्था फरक फरक देखिएको छ ।अध्ययन गरिएका सबै विद्यालयहरुमा फर्निचरको अवस्था राम्रो पाइयो भने २५ प्रतिशत विद्यालयले बालमैत्री फर्निचरको व्यवस्था गरेको पाइयो । सबै विद्यालयहरुमा विद्यार्थीको अनुपातमा डेक्स बेन्चको व्यवस्था गरिएको पाइयो । अध्ययन गरिएका सबै विद्यालयहरुमा डेक्स,बेन्च,टेबल,कुर्सि,दराज,र्‍याक पर्याप्त मात्रमा रहेको पाइयो ।

## ८. शैक्षिक सामाग्रि व्यवस्थापन

शैक्षणिक क्रियाकलापलाई रोचक र उपलब्धिमुलक गराउनका लागि शैक्षिक सामाग्रिको महत्वपूर्ण भुमिका हुन्छ ।अर्थपूर्ण शिक्षण सिकाईमा  शैक्षिक सामाग्रिको प्रयोग अनिर्वाय हुन्छ । शिक्षण क्रियाकलापमा परिणाममुखि,जिवन्तता दिने काम शैक्षिक सामाग्रिको अवस्था र व्यवस्थापन सामान्य पाइयो ।६० प्रतिशत विद्यालयमा शैक्षिक सामाग्रिको प्रयोग गर्दै अध्यापन गरेको पाइयो भने ४० प्रतिशत विद्यालयमा सामाग्रिको उपलब्धता भएतापनि कम प्रयोग गरेको पाइयो । शैक्षिक सामाग्रिकोमहत्वको बारेमा सबै शिक्षकहरु सचेत भएतापनि यसको प्रयोगमा भने निस्क्रिय रहने गरेको पाइयो ।

**तालिका नं ८: शैक्षिक सामाग्रिको अवस्था**

| क.स. | विद्यालयको नाम | सेतोपाटी | नक्सा चार्ट | ग्लोब | फलाटिन बोर्ड |
|---|---|---|---|---|---|
| १ | श्री किरण अमरजङ्ग गुरुङ मा.वि भरतपुर १९ | ११ | ५/८ | १ | १ |
| २ | लक्ष्मी मा.वि भरतपुर ४ | २६ | ५/८ | ४ | ४ |
| ३ | अन्नपुर्ण मा.वि भरतपुर २१ | ३० | ५/८ | ४ | ४ |
| ४ | विश्व प्रकास मा वि भरतपुर १५ | १९ | ५/८ | २ | ३ |
| ५ | चितवन मा.वि भरतपुर | १६ | ५/८ | २ | २ |

*स्रोत: स्थलगत सर्वेक्षण २०८१*

माथिको तालिका ८ विश्लेषण गर्दा सबै विद्यालयहरुमा सेतोपाटीको प्रयोग भएको, नक्सा चार्टहरुको व्यवस्था गरिएको पाइएता पनि विद्यार्थीहरुसँगको अन्तक्रियामा यसको उचित प्रयोग नगरिएको पाइयो ।

माथिको तालिका ८ विश्लेषण गर्दा ६० प्रतिशत विद्यालयहरुमा शैक्षिक सामाग्रिहरुको प्रयोग गर्दै अध्ययन गर्ने गरेको पाइयो,४० प्रतिशत विद्यालयहरुमा शैक्षिक सामाग्रिहरुको उपलब्धता भएतापनि यसको कम प्रयोग गरिएको पाइयो ।

## ९. पुस्तकालय व्यवस्थापन

पुस्तकालयले शिक्षक तथा विद्यार्थी दुवै पक्षको शैक्षिक समस्यालाई समाधान गराउन सहयोग गर्दछ ।सबै पुस्तकहरु एक व्यक्तिले खरिद गरि पढ्न असंभव जस्तो हुने हुनाले सन्दर्भ सामाग्रि अन्तर्गतका पुस्तकहरु विद्यार्थी तथा शिक्षकहरुले पुस्तकालयमा गई लाभान्वित हुने गर्दछन् । पुस्तकालय फुर्सदको समयलाई सदुपयोग गर्ने स्थान पनि हो ।प्रत्येक विद्यालयमा पुस्तकालयको व्यवस्था हुनु जरुरी छ यसबाट विद्यार्थीको अध्ययनशिल बानिको विकास हुन्छ ।

अध्ययनमा परेका सबै विद्यालयहरुमा पुस्तकालयको व्यवस्था भएको पाइयो तर सबै विद्यालयहरुमा छुट्टै कर्मचारीको व्यवस्था नभएपनि सोहि विद्यालयको शिक्षकलाई जिम्मा दिई सञ्चालन गरेको पाइयो ।सो बारेमा प्र.अ.हरु सँग सर्म्पक गर्दा वाँहाहरुले सबैले पुस्तकालयको स्तोरन्नति गर्ने कुरा बताउनु भयो ।

## १०. कम्प्युटर व्यवस्थापन

**तालिका नं १० : कम्प्युटर तथा विधुतिय उपकरणको अवस्था**

| क.स. | विद्यालयको नाम | कम्प्युटर | टि.भि. | रेडियो क्यासेट | फोटोकपी,प्रिन्टर | प्रोजेक्टर |
|---|---|---|---|---|---|---|
| १ | श्री किरण अमरजङ्ग गुरुङ मा.वि भरतपुर १९ | २० | २ | | ४ | ३ |
| २ | लक्ष्मी मा.वि भरतपुर ४ | २५ | ४ | | ३ | ४ |
| ३ | अन्नपुर्ण मा.वि भरतपुर २१ | २६ | ५ | | ५ | ६ |
| ४ | विश्व प्रकास मा वि भरतपुर १५ | १५ | ७ | | ३ | २ |
| ५ | चितवन मा.वि भरतपुर | २० | ३ | | २ | २ |

*स्रोत :स्थलगत सर्वेक्षण*

*२०८१*

अध्ययन गरिएका सबै विद्यालयहरुमा कम्प्युटर तथा विधुतिय सामाग्रिहरु विद्यार्थीको अनुपातमा पर्याप्त रहेको पाइयो तथा इन्टरनेट जडान गरि सो बाट प्रप्त हुने सुविधा लिने गरेको पाइयो ।आजका विद्यार्थीहरु विधुतिय प्रविधिहरुसँग रुचि राख्ने भन्दै समय समयमा प्रोजेक्टर मार्फत शिक्षण सिकाई सबै कक्षामा लैजाने गरेको पाइयो । सबै विद्यालयका प्र.अ.हरुबाट विधुतिय प्रविधिको आवश्यकता र महत्वलाई मनन गरेको र सबै कक्षाकोठाहरुमा यसको प्रयोग गर्दै पठन पाठन गर्ने योजना रहेको बताए । अध्ययन गरिएका सबै विद्यालयहरुमा विद्यार्थीको

अनुपातमा भएको कम्प्युटर तथा विधुतिय उपकरणहरुको अवस्था राम्रै पाइयो ।व्यवस्थित कम्प्युटर प्रयोगशाला कक्षा,प्रोजेक्टर,प्रिन्ट तथा फोटोकपी विद्यालय भित्रै रहेको पाइयो । सबै विद्यालयका प्र.अ.हरुले निकट भविष्यमा स्मार्ट कक्षा संचालन गर्ने महत्वकांक्षि योजना रहेको बताए ।

### ११. प्रयोगशाला व्यवस्थापन

सिकाइलाई दिगो राख्नका लागि प्रयोगात्मक शिक्षा आवश्यकता हुन्छ । विद्यार्थीहरुले सुनेको र देखेको भन्दा आफुले गरेको कुरा चाँडो सिक्दछन् ।अध्ययन गरिएका विद्यालयहरुमा कम्प्युटर प्रयोगशाला,विज्ञान प्रयोगशाला,सामाजीक प्रयोगशाला,गणित प्रयोगशाला संचालन गरी व्यवस्थापन गरेको पाइयो र सबै विद्यालयका प्र.अ.हरुद्धारा प्रयोगशालालाई स्तरोन्नति गर्दै विद्यार्थीहरुलाई गर र सिकको धारणा अनुरुप सिकाइ अगाडि बढाउने कुरा बताउनुभयो ।

### १२. खेलकुद व्यवस्थापन

विद्यार्थीहरुको शारिरीक,मानसिक,बौद्धिक,संवेगात्मक र सामाजीक विकास गर्न खेलकुद आवश्यक छ । विदालयको अन्य विद्यालयसँग सम्बन्ध स्थापित गर्न ,लगनशिल,अनुशासित विद्यार्थी उत्पादन गर्न पनि खेलकुद आवश्यक छ। अध्ययन गरिएका शत प्रतिशत विद्यालयका आफ्नै पर्र्याप्त खेलमैदान रहेको पाइएको छ। शत प्रतिशत विद्यालयमा खेल शिक्षक तोकिएको पाइयो । सबै विद्यालयको खेल सामाग्रि अध्ययन गर्दा फुटबल,भलिबल,क्रिकेट व्याट बल,डोरी,क्यरम बोर्ड,आदि पाइएता पनि पर्याप्त मात्रमा नभएको र उचित व्यवस्थापन नभएको पाइयो । साथै अध्ययन गरिएका विद्यालयहरुमा वर्षामा खेलमैदानमा पानी जम्ने र मैदानमा ढुङ्गाहरु भएको तथा खेलमैदान खेलहरु खेल्न विद्यार्थीहरुलाई असजिलो भएको पाइयो ।

अध्ययन गरिएका शत प्रतिशत विद्यालयका आफ्नै भवन छन् । सोहि अनुसार शौचालय ,खानेपानी,खेलमैदान,पुस्तकालय र प्रयोगहाला कक्षहरु व्यवीथापन गर्न खोजीएको छ। अध्ययन गरिएका विद्यालयहरुमा प्रतिकक्षा औषत विद्यार्थी ४५ जना भन्दा कम छन् । यसलाई सकारात्मक मान्न सकिन्छ। विद्यालयमा प्रतिधारा विद्यार्थी दर ११४.४९ पाइयो जसका कारण खानेपानी राखेको स्थानमा भिड हुने गरेको भएता पनि तह अनुसार विद्यार्थीको छुट्टाछुट्टै समयको व्यवस्थापन गरेको पाइयो र धारा संख्या थप गनुपर्ने देखियो । त्यस्तै सबै विद्यालयहरुमा शौचालयको निर्माण भएता पनि प्रति शौचालय ११९.४८ जना ले उपयोग गर्ने गरेको देखिएता पनि तह अनुसार विद्यार्थीको छुट्टाछुट्टै समयको व्यवस्थापन गरेको पाइयो र

शौचालय संख्या थप गनुपर्ने देखियो साथै सबै विद्यालयहरुले सरसफाइमा ध्यान दिनुपर्ने देखियो । सबै विद्यालयहरुमा कक्षाकोठा व्यवस्थापन ठिकै देखिएको भएको र विद्यालयमा पुस्तकालय व्यवस्थापन गरिएपनि देखाउनका लागिमात्र राखिएको पाइयो । अधिकांश विद्यालयमा घेरबार गरेको पाइयो । सबै विद्यालयमा सेतोपाटी को प्रयोग गरि शिक्षण गरेको पाइयो । शतप्रतिशत विद्यालयमा कम्प्युटर प्रयोगशाला कक्ष, विज्ञान प्रयोगशाला कक्ष, सामाजीक प्रयोगशाला कक्ष, गणित प्रयोगशाला कक्षको व्यवस्थापन गरेको पाइयो । सबै विद्यालयहरुमा पर्याप्त खेलमैदान रहेको पाइयो साथै सबै विद्यालयहरुमा पर्याप्त मात्रमा फर्निचरको व्यवस्था गरिएको र उत्तम खालको रहेको पाइयो ।

### ४.२ सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनमा भएका प्रयास

सामुदायिक विद्यालयहरुमा भौतिक व्यवस्थापनका लागि व्यवस्थापन समिति,प्राचार्य र अभिभावकको भुमिका महत्वपूर्ण रहन्छ । विद्यालयको सम्पूर्ण पक्षको रेखदेख गर्दै विद्यमान स्रोत र साधनको अधिकतम उपयोग र परिचालन गर्दै विद्यालयको हरेक पक्षको जिम्मेवारी र दायित्व विद्यालयलाई शैक्षिक,भौतिक र आर्थिक रुपमा सबल बनाउन विद्यालयमा प्राप्त स्रोत र साधनको अधिकतम प्रयोग हुनुपर्दछ । सामुदायिक विद्यालयले भोग्न परेका चुनौतिहरुले भौतिक पक्षको विकासमा के कस्ता प्रयासहरु गरेका छन् भन्ने बारे प्रप्त तथ्याङ्कलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

#### १. आर्थिक संकलन

सामुदायिक विद्यालय सञ्चालनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने जिम्मेवारी व्यवस्थापन समितिको रहने व्यवस्था छ । सामुदायिक विद्यलयमा भौतिक सुधार र व्यवस्थापन गर्न स्थानिय तह सरकार,प्रदेश सरकार र संघिय सरकार,गैर सरकारी संस्थाहरु र व्यवस्थापन समितिको ऐक्यबद्धता हुनु जरुरी छ । सामुदायिक विद्यालयमा सरकारी र गैर सरकारी संघ संस्थाहरु ले स्रोत व्यवस्थापन गरेर भौतिक निर्माण र सुधारका कामहरु गर्ने गरेको पाइन्छ ।

अध्ययन छनोटमा परेका विद्यालयमा सामुदायिक विद्यालयमा सरकारी र गैर सरकारी संघ संस्थाहरु ले स्रोत व्यवस्थापन गरेर भौतिक निर्माण र सुधारका कामहरु गर्ने गरेको पाइयो ।

#### २. बैठक

विद्यालयको समग्र भौतिक व्यवस्थापनको जिम्मेवारी विद्यालय व्यवस्थापन समितिलाई हुन्छ । विद्यालय व्यवस्थापन समितिले भौतिक निर्माण सम्बन्धि भवन निर्माण,खानेपानी

व्यवस्थापन,पुस्तकालय व्यवस्थापन,खेलमैदान र खेलकुद सामाग्रि व्यवस्थापन,प्रयोगशाला कक्षाहरु,फर्निचर आदिको समुचित व्यवस्थापन मिलाउनु पर्दछ ।

अध्ययन गरिएका विद्यालयहरुमा भौतिक निर्माण सम्बन्धि निर्णयहरु व्यवस्थापन समितिमा के कति भए भन्ने सम्बन्धमा बैठक पुस्तीकाको अध्ययन एवं अवलोकन गर्दा निम्न अनुसार नतिजा प्राप्त भयो ।

**तालिका नं ११ : भौतिक व्यवस्थापनका लागि समितिको बैठक**

| क.स. | विद्यालयको नाम | वार्षिक बैठक संख्या | वार्षिक निर्णय संख्या | भौतिक व्यवस्थापन सम्बन्धि निर्णय र प्रतिशत |
|---|---|---|---|---|
| १ | श्री किरण अमरजङ्ग गुरुङ मा.वि भरतपुर १९ | ७ | १५ | १२.५ |
| २ | लक्ष्मी मा.वि भरतपुर ४ | १२ | २५ | २१.४२ |
| ३ | अन्नपुर्ण मा.वि भरतपुर २१ | १५ | ३० | २६.७८ |
| ४ | विश्व प्रकास मा वि भरतपुर १५ | १५ | १५ | २६.७८ |
| ५ | चितवन मा.वि भरतपुर | ७ | १० | १२.५ |

*स्रोतः स्थलगत सर्वेक्षण*

*२०८१*

माथिको तालकिा ११ लाई विश्लेषण गर्दा हरेक विद्यालय व्यवस्थापन समितिको बैठकमा भएका निर्णयहरुमध्ये भौतिक व्यवस्थापन सम्बन्धि निर्णयहरु २० देखि ३० प्रतिशतको हाराहारमिा रहेको पाइयो । भौतिक निर्माण सम्बन्धि कार्यहरुमा मुख्य रुपमा भवन मर्मत,फर्निचर मर्मत तथा थप,खेलकुद सामाग्रि थप तथा अन्य भौतिक पूर्वाधारहरुको स्तरोन्नति रहेको पाइयो ।

### ३. निर्माण

विद्यार्थीहरुको सिकाइ पक्रियालाई सहज,सरल र प्रभावकारी बनाउनका लागि विद्यालय व्यववस्थापनको भौतिक पूर्वाधारहरुको समयानुकुल निर्माण तथा मर्मत र सुधार गर्नुपर्ने हुन्छ । अध्ययन गरिएका विद्यालयका निर्माण सम्बन्धि कार्यको अध्ययन गर्दा निम्नानुसार विवरण प्राप्त भयो ।

**तालिका नं १२ : विद्यालयमा निर्माण सम्बन्धि कार्य**

| क.स. | विद्यालयको नाम | भवन | फर्निचर | विविध |
|---|---|---|---|---|
| १ | श्री किरण अमरजङ्ग गुरुङ मा.वि भरतपुर १९ | मर्मत | मर्मत/निर्माण | |
| २ | लक्ष्मी मा.वि भरतपुर ४ | मर्मत | मर्मत/निर्माण | |
| ३ | अन्नपुर्ण मा.वि भरतपुर २१ | मर्मत | मर्मत/निर्माण | |
| ४ | विश्व प्रकास मा वि भरतपुर १५ | मर्मत | मर्मत/निर्माण | |
| ५ | चितवन मा.वि भरतपुर | मर्मत | मर्मत/निर्माण | |

*स्रोत : स्थलगत सर्वेक्षण*

*२०८१*

माथिको तालिकामा विद्यालयको भौतिक विकासका लागि शतप्रतिशत विद्यालयहरुमा भवन,कक्षाकोठा मर्मत गरेको पाइयो,त्यस्तै गरी शतप्रतिशत विद्यालयहरुले बिग्रेको भाँचिएको फर्निचर मर्मत गरेको तथा नयाँ थप गरेको पाइयो ।

## ४.३ सामुदायिक विद्यालयहरुको भौतिक व्यवस्थापनमा देखिएका समस्या

नेपालको शैक्षिक विकासलाई माथि उठाउन विद्यालयले महत्वपूर्ण भुमिका खेलेको हुन्छ । समुदायिक विद्यालहरुले देशको शैक्षिक उपलब्धिलाई माथि उठाउने कोसे ढुङ्गा साबित भउका छन् ।तथापि यस भित्र समस्याहरु विद्यमान छन् ।आर्थिक समस्या,चरम राजनिति,समयमा निर्णय कार्यान्वयन जस्ता समस्याहरु देखिएका छन् ।यस अध्ययनबाट सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनमा देखिएका समस्याहरु निम्न अनुसार छन् ।

### १.सरकारी निति

शत प्रतिशत सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष,अभिभावक,प्र.अ.,शिक्षक,स्रोत व्यक्ति र विद्यार्थीहरुबाट नितिगत समस्या रहेको कुरा बताउनु भयो ।आवश्यकताका आधारमा भन्दा पहुँच र राजनैतिक भागबण्डाका आधारमा विद्यालयलाई पक्षपात गरिएको, निरिक्षण र सुपरिवेक्षण मुल्याङ्कनको अभावका कारण विद्यार्थीहरुका लागि प्रदान गर्ने छात्रवृत्तिहरु प्रदान गर्नबाट बन्चित रहेको कुराहरु व्यवस्थापन समितिका अध्यक्ष,प्र.अ.हरुले बताउनुभयो ।

### २. राजनैतिक हस्तक्षेप

विद्यालय व्यबस्थापन समिति, जिल्ला जिल्ला शिक्षा समिति गठन तथा भवन र अन्य सरकारी अुदान वितरणमा समेत राजनीतिक दलहरुको चरम हस्तक्षेप भएका कारणले अबसर र सुविधाको समान वितरण हुन सकेको छैन ।

विरोध बन्द हडताल जस्ता लोकतान्त्रिक भित्रका अवगुणले सामुदायिक विद्यालयलाई आक्रान्त पारेका,पढाउने मानरिकता सहित विद्यालय जाँदा सो वातावरण नभएको आदि घटनाले गर्दा विद्यालयको भौतिक विकासमा दुरुत्साहित गरेको कुरा प्र.अ.,अभिभावक र अध्यक्षले बताउनुभयो ।

### ३. भु बनावटको समस्या

अध्ययन गरिएका विद्यालयहरु भरतपुर महानगरपालिका अवस्थित विभिन्न वडाहरु अवस्थित छन् केही विद्यालयहरु यस्ता छन् त्यहाँ पढ्न आउने विद्यार्थीहरु रोडमा पानी जम्ने,पानी विद्यालय भित्र पस्ने हुँदा वर्षायाममा  स्कुलमा पढ्न नपाउने अभिभावकले बताउनु भयो ।

### ४. निर्णय कार्यान्वयनमा समस्या

अध्ययनका क्रममा सोधिउको प्रश्नहरुको विश्लेषण गर्दा सामुदायिक विद्यालयहरुमा व्यवस्थापन समितिबाट विभिन्न किसिमका निर्माया सम्बन्धि महत्वकांछी  निर्णयहरुसमेत भएता पनि त्यसलाई कार्यान्वयन नभउको कुरा अभिभवाक,शिक्षक,विद्यार्थीहरुबाट उल्लेख पाइयो ।कतिपय निर्णय ढिला आउँदा शैक्षिक प्रक्रियामा बाधा पुगेको कुरा शिक्षकले बताउनुभयो ।

### ५. मुल्याङ्कनको कमि

विद्यालयमा भौतिक व्यवस्थापन प्रभावकारी नहुन नियमित मुल्याङ्कन नहुनु शिक्षक, अभिभावकले बताउनु भयो । अनुगमन मुल्याङ्कन बिना भौतिक निमार्ण गरे पनि भौतिक निमार्ण कर्ताले भौतिक निमार्ण आवश्यक सामाग्री भएपनि त्यसको उचित प्रयोग नगरी निमार्ण गरिएको केही विद्यालयको भौतिक पक्षहरु फेरी निमार्ण गर्नुपर्ने देखिएको छ । त्यसको उचित अनुगमन भएमा त्यस्ता समस्याहरुबाट टाढा रही खर्च समेत बचत गर्न सकिन्छ भन्ने भनाई अभिभावकको रहेको छ ।

### ६. आर्थिक समस्या

सामुदायिक विद्यालय भौतिक व्यवस्थापन र निर्माणका लागि सरकारी र गैर सरकारी संघ संस्थाहरुमा निर्भर हुनुपरेको कुरा प्र.अ.हरुले बताउनुभयो ।

## ४.४ भौतिक व्यवस्थापनमा देखिएका समस्या समाधानका उपाय

देखिएका समस्याहरु सम्भावित अध्ययनको क्रममा भौतिक व्यवस्थापनका उपायहरुको सम्बन्धमा खोजी गरिएको थियो । ती अध्ययन क्षेत्रका विद्यालयका प्र.अ.य,अभिभावक,विद्यार्थी र व्यवस्थापन समितिका अध्यक्षहरु सँग गरिएको प्रश्नावलीबाट विभिन्न समस्याहरु समाधान गनुपर्ने उपायहरु निम्नानुसार उल्लेख गरिएको छ ।

### १. शिक्षालाई राजनितिबाट टाढा राख्नुपर्ने

विद्यालयमा शान्ति क्षेत्र हुनुपर्छ । बालबालिकाहरुलाई शान्त वातावरणमा अध्ययन अध्यापन गराउनुपर्छ भन्ने मान्यता पछिल्ला वर्षहरुमा राजनैतिक गातिविधि तथा हस्तक्षेप कम गर्दै सामुदायिक विद्यालयहरुमा शिक्षक तथा विद्यार्थीहरु प्रत्यक्ष रुपमा राजनितिमा तटस्थ संलग्नता राख्नुपर्ने कुरा उल्लेख गर्नु भयो ।

### २. निर्णय कार्यान्वयनमा प्रतिबद्धता

अध्ययन गरिएका विद्यालयहरुका प्र.अ.,विद्यार्थी,व्यवस्थापन समितिले निर्णय बार्यान्वयन गरेमा भौतिक पूर्वाधारको विकास हुने, सरोकारवालाहरुले भौतिक निमार्ण सम्बन्धी नियमहरुमा प्रबद्ध ढंगबाट लागु गरेमा भौतिक समस्या समाधान गर्न सकिन्छ ।

### ३. नियमित अनुगमन र मुल्याङ्कन

विद्यालयको विकास र शैक्षिक गुणस्तरमा वृद्धि गर्नैका लागि सरोकारवाला निकायहरुबाट नियमित अनुगमन र मुल्याङ्कन हुनु आवश्यक छ । विद्यालयका भवनका अवस्था,फनिचर,शौचालय,कक्षाकोठा,खानेपानी आदिका सम्बन्धमा महानगरपालिका,शिक्षा समन्वय समिति ,व्यवस्थापन समिति,प्र.अ.तथा अन्य सरोकारवालाहरुबाट नियमित अनुगमन तथा मुल्याङ्कन हुने गरेमा देखिएका समस्यालाई समाधान गर्न सकिन्छ भन्ने जानकारी दिनुभयो ।

# परिच्छेद पाँच

# सारांश,निर्ष्कष र सुझाव

भरतपुर महानगरपालिकामा संचालित माध्यामिक तहका विद्यालयहरुलाई समावेश गरिएको यस शोध अध्ययन पूरा गर्ने क्रममा प्राप्त भएको तथ्याङ्कको आधारमा शोधपत्रको उद्देश्य अनुरुप गरिएको व्याख्या विश्लेषणबाट निर्ष्कष र सुझावहरुलाई  निम्न अनुसार प्रस्तुत गरिएको छ ।

## ५.१ शारांश

अध्ययन गरिएका शत प्रतिशत विद्यालयका आफ्नै भवन छन् । सोहि अनुसार शौचालय ,खानेपानी,खेलमैदान,पुस्तकालय र प्रयोगहाला कक्षहरु व्यवीथापन गर्न खोजीएको छ। अध्ययन गरिएका विद्यालयहरुमा प्रतिकक्षा औषत विद्यार्थी ४५ जना भन्दा कम छन् । यसलाई सकारात्मक मान्न सकिन्छ। विद्यालयमा प्रतिधारा विद्यार्थी दर ११४.४९ पाइयो जसका कारण खानेपानी राखेको स्थानमा भिड हुने गरेको भएता पनि तह अनुसार विद्यार्थीको छुट्टाछुट्टै समयको व्यवस्थापन गरेको पाइयो र धारा संख्या थप गनुपर्ने देखियो । त्यस्तै सबै विद्यालयहरुमा शौचालयको निर्माण भएता पनि प्रति शौचालय ११९.४८ जना ले उपयोग गर्ने गरेको देखिएता पनि तह अनुसार विद्यार्थीको छुट्टाछुट्टै समयको व्यवस्थापन गरेको पाइयो र शौचालय संख्या थप गनुपर्ने देखियो साथै सबै विद्यालयहरुले सरसफाइमा ध्यान दिनुपर्ने

देखियो । सबै विद्यालयहरुमा कक्षाकोठा व्यवस्थापन ठिकै देखिएको भएको र विद्यालयमा पुस्तकालय व्यवस्थापन गरिएपनि देखाउनका लागिमात्र राखिएको पाइयो । अधिकांश विद्यालयमा घेरबार गरेको पाइयो । सबै विद्यालयमा सेतोपाटी को प्रयोग गरि शिक्षण गरेको पाइयो । शतप्रतिशत विद्यालयमा कम्प्युटर प्रयोगशाला कक्ष, विज्ञान प्रयोगशाला कक्ष, सामाजीक प्रयोगशाला कक्ष, गणित प्रयोगशाला कक्षको व्यवस्थापन गरेको पाइयो । सबै विद्यालयहरुमा पर्याप्त खेलमैदान रहेको पाइयो साथै सबै विद्यालयहरुमा पर्याप्त मात्रमा फर्निचरको व्यवस्था गरिएको र उत्तम खालको रहेको पाइयो ।

## ५.२ निष्कर्ष

अध्ययनको क्रममा छनोटमा परेका पाँच विद्यालयको अनुगमन गर्दा बालमैत्री विद्यालय राष्ट्रिय प्रारुपले तयार पारिएको सूचककहरुलाई विद्यालयको भौतिक अवस्थामा लागु गरिएको पाइयो । अपेक्षित प्रति चालिस विद्यार्थीको लागि एक कक्षा कोठा, प्रति विद्यार्थी १.० वर्गमिटर क्षेत्रफल  भएको, ५x८ फिटको सेतोपाटीको व्यवस्था भएको, कक्षा तीन सम्मका कक्षाकोठामा विद्यार्थीले भेट्ने गरी सेतोपाटीको निर्माण, विद्यार्थीका लागि एक सेट उपयुक्त कुर्सी टबुल भएको, डेक्स बेन्च अठार इन्च चौडा भएको, काक्षाकोठामा बुक कर्नर सहित कक्षा एक देखि तीन सम्म विषयगत सिकाई कुनाको व्यवस्था, विद्यार्थीहरुलाई काक्षकोठामा गरेर सिक्ने वातावरण सिर्जना भएको ,  कक्षा कोठा उज्यालो हावा छिर्ने,बालबालिकाहरुले शारिरीक, मानसिक एवं संवेगात्मक रुपले सुरक्षित हुने वातावरण सिर्जना भएको पाइयो । अध्ययन गरिएका विद्यालयमा भौतिक व्यवस्थापन राम्रो प्रयोगशाला कक्षाहरु जस्तैः कम्प्युटर प्रयोगशाला कक्षा, विज्ञान प्रयोगशाला कक्षा,सामाजीक प्रयोगशाला कक्ष,गणित प्रयोगशाला कक्षहरुको भने राम्रो व्यवस्थापन गरिएको र मध्यम विद्यार्थी संख्या कम भएका विद्यालयमा प्रयोगशाला कक्षहरुको अभाव, विज्ञान प्रयोगशालाका सामाग्रीहरु व्यवस्थित राख्नुपर्ने देखियो । बसाईको अवस्था,शौचालायको अवस्था,खानेपानीको हेर्दा सामान्य देखिन्छ ।

अध्ययन गरिएका शत प्रतिशत विद्यालयका आफ्नै भवन छन् । सोहि अनुसार शौचालय ,खानेपानी,खेलमैदान,पुस्तकालय र प्रयोगशाला कक्षहरु व्यवस्थापन गर्न खोजीएको छ । अध्ययन गरिएका विद्यालयहरुमा प्रतिकक्षा औषत विद्यार्थी ४५ जना भन्दा कम छन् । यसलाई सकारात्मक मान्न सकिन्छ । विद्यालयमा प्रतिधारा विद्यार्थी दर ११४.४९ पाइयो जसका कारण खानेपानी राखेको स्थानमा भिड हुने गरेको भएता पनि तह अनुसार विद्यार्थीको छुट्टाछुट्टै समयको व्यवस्थापन गरेको पाइयो र धारा संख्या थप गनुपर्ने देखियो । त्यस्तै सबै

विद्यालयहरुमा शौचालयको निर्माण भएता पनि प्रति शौचालय ११९.४८ जना ले उपयोग गर्ने गरेको देखिएता पनि तह अनुसार विद्यार्थीको छुट्टाछुट्टै समयको व्यवस्थापन गरेको पाइयो र शौचालय संख्या थप गर्नुपर्ने देखियो साथै सबै विद्यालयहरुले सरसफाइमा ध्यान दिनुपर्ने देखियो । सबै विद्यालयहरुमा कक्षाकोठा व्यवस्थापन ठिकै देखिएको भएको र विद्यालयमा पुस्तकालय व्यवस्थापन गरिएपनि देखाउनका लागिमात्र राखिएको पाइयो । अधिकांश विद्यालयमा घेरबार गरेको पाइयो । सबै विद्यालयमा सेतोपाटी को प्रयोग गरि शिक्षण गरेको पाइयो । शतप्रतिशत विद्यालयमा कम्प्युटर प्रयोगशाला कक्ष, विज्ञान प्रयोगशाला कक्ष, सामाजीक प्रयोगशाला कक्ष, गणित प्रयोगशाला कक्षको व्यवस्थापन गरेको पाइयो । सबै विद्यालयहरुमा पर्याप्त खेलमैदान रहेको पाइयो साथै सबै विद्यालयहरुमा पर्याप्त मात्रमा फर्निचरको व्यवस्था गरिएको र उत्तम खालको रहेको पाइयो ।

भवनहरु पाँच ओटा विद्यालयहरु पक्की  ढलान कोहि कोठाहरुमाथि जस्ताको छाना लगाएको , खेल मैदानको  विद्यालयमा खेल खेल्न पुग्ने जमिन रहेको भने केही विद्यालयहरुमा सामान्य खेलखेल्न पुग्ने खेलमैदान तर पानि पर्ने समयमा समयमा पानी जम्ने हँदा समस्या आउने देखियो ।

विद्यालयमा रहेका शैक्षिक सामाग्रीहरु श्रव्य, दृश्य र मुद्रित सामाग्रिहरुलाई विद्यालयमा राख्न मात्र नभई कक्षाकोठामा प्रस्तुत गनुपर्ने देखिन्छ । विद्यार्थीहरुलाइ शिक्षण उपलब्धि बढाउनु पर्ने देखिन्छ ।

सामुदायिक विद्यालयको  भौतिक व्यवस्थामा विभेदकारी सरकारी निति, आर्थिक अभाव,राजनैतिक हस्तक्षेप भु-बनावटले पारेको समस्या, अनुगमन मुल्याङ्कनको कमी, कार्यान्वयनमा कमजोरीका कारणहरुले विद्यालयमा पुरा हनुपर्ने भौतिक पूर्वाधारको विकासमा कठिनाई समस्याहरु परेका छन् । त्यसलाई समाधान गर्नका लागि प्राथमिक तहदेखि नै नै विद्यार्थीहरूलाई पढाईमा आकर्षक खालको वातावरण सिर्जना गर्नुपर्छ ।

विद्यालयभित्र देखिएका भौतिक व्यवस्थापन सम्बन्धमा देखिएका चनौतिहरुलाई समाधान गर्नका लागि सहकार्यको अवधारण अनुरुप अगाडि बढ्नुपर्ने देखिन्छ । विद्यालयमा देखिएका बाधकहरु समाधानका लागि समान सरकारी नीति आावश्यक पर्दछ । आर्थिक समस्या,समाधानका लागि पारदर्शिताको अवधारण अवलम्बन गर्नुपर्ने, राजनैतिक हस्तक्षेपबाट

मुक्त गराई जनसहभागिताको अवधारणा, भौतिक निर्माण र विद्यालयको विकासमा एकजुट हुनुपर्ने देखिन्छ ।

आवश्यक क्षेत्रहरुमा सकारात्मक जनदवाब अभिावकहरुबाट सिर्जना गर्नुपर्ने सम्बन्धित निकायहरुबाट उचित मुल्याङ्कन गर्दै निर्णय कार्यान्वयनमा प्रतिबद्ध हुनु आवश्यक छ । विद्यालयको भौतिक व्यवस्थापनमा विभिन्न नीति तथा कर्यक्रम लागु गर्नु पूर्व सरकार, शिक्षाविद, शिक्षकका प्रतिनिधि मुलक संघ संस्थाहरु लगायत अन्य सरोकारवालाहरु बिच उचित समन्वय हुन जरुरी छ ।

### ५.३ सुझाव

सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन अध्ययन शिर्षकको यस अध्ययनबाट प्राप्त गरिएको निर्ष्कषको आधारमा विद्यालयको भौतिक पक्षहरुका समस्या पहिचान र सुधारका लागि निम्न समुहमा विभाजन गरी सुझाव प्रस्तुत गरिएको छ ।

#### १. नीतिगत तह

विद्यालयको विविध पक्षको सुधारका ल्याउनका लागि आर्थिक स्रोतको बाँडफाँडलाई समयसापेक्ष दक्ष र समतामुलक बनाउनका लगि विकेन्द्रिकरणको अवधारणा नीतिगत तहको महत्वपूर्ण विकल्प हो । विद्यालयको भौतिक व्यवस्थापनमा स्थानिय सरकार,प्रदेश सरकार,संघिय सरकार तथा गैरसरकारी संघ संस्थाहरु को कार्यक्षेत्रको सर्न्दभमा स्पष्ट नीति निर्माण गरि लागु गर्नुपर्ने देखिन्छ ।

#### २. कार्यान्वयन तह

अध्ययन क्षेत्र भित्र परेका सामुदायिक विद्यालयहरुको भौतिक सुविधा केही विद्यालयमा केहि कमजोर पाइयो । भौतिक भवन मध्यम भएता पनि त्याहाँ प्रदान गर्ने शिक्षण सिकाई व्यवस्थित,दण्डरहित वातावरण सिर्जना गरिएको देखियो । सिकाई यस्तो हुनुपर्छ अनुभव,तालिम एवं प्रयोगबाट आफ्नो व्यवहारमा परिवर्तन हुने सिकाइ दिगो दिर्घकालिन हुनसक्छ, विद्यालयमा खेलमैदान भवन,कक्षाको,खानेपानी,शौचालय,पुस्तकालय,खेलसामाग्रिको अवस्था,फर्निचर मध्यम पाइयो । अतः सामुदायिक विद्यालयहरुले समयको माग अनुसार विद्यालयको भौतिक व्यवस्थापनमा जोड दिनुपर्ने देखिन्छ ।

विद्यालयहरुमा जस्ताको छानामुनि राखेर अध्यापन गराउँदा हो हल्ला भएको,गर्मि मौसममा जस्ताको तापले गर्दा अत्याधिक गर्मि भएको कारणले विद्यार्थिहरुमा पठन पाठनमा समस्या आएको पाइएकाले सम्भव भए सम्म पक्कि भवनमा नै पठन पाठन गराउनुपर्ने देखिन्छ ।

त्यसै गरि अध्ययन गरिएका शत प्रतिशत विद्यालयहरुमा विद्यार्थीको अनुपातमा शौचालय र शुद्ध खानेपानीको व्यवस्थापन कमजोर पाइएकाले सम्पूर्ण विद्यालयहरुले विद्यार्थीको अनुपातमा शौचालयको कम्पार्टमेन्ट थप गरि शौचालय सफा राख्नुपर्ने र विद्यार्थी को अनुपातमा धारा संख्या थप गरि शुद्ध सफा खानेपानीको पर्याप्त व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

विद्यार्थिको सिकाई लाई प्रभावकारी बनाउन अत्याधिक मात्रमा शैक्षिक सामाग्रिको प्रयोग गरि शिक्षण गनुपर्ने,आधुनिक प्रविधिहरुको प्रयोग गरी शिक्षण गनुपर्ने देखिन्छ । साथै विद्यालयहरुमा खेलमैदान भएता पनि त्यसको अवस्थामा सुधार गरी खेल खेल्ने वातावरण सिर्जना गनुपर्ने देखिन्छ ।

आजको आवश्यकता भनेको विद्यार्थी केन्द्रित सिकाइ हो । सिकाइमा आधुनिक प्रविधिको प्रयोग गरि हरेक कक्षाकोठामा जडान गरी शिक्षण गनुपर्ने देखिन्छ । विद्यालयको भौतिक व्यवस्थापनलाई अगाडी बढाई त्याहाँ रहेका हरेक विद्यार्थी योग्य,दक्ष जनशक्तिको निर्माण गरी बजारमा टिक्न र सिक्न सक्ने बनाई सिकाई गुणस्तर बढाउन समेत मद्दत पुग्दछ । विद्यालयमा सिकाईलाई प्रभावकारी,व्यवहारीक,दिगो ढंगबाट संचालन गर्न प्रयोगशाला कक्षहरु आवश्यक हुन्छन् । विज्ञान प्रयोगशाला कक्ष प्रयोग गरेर सिक्ने कक्षा हो । विद्यार्थीहरुमा घोकन्ते प्रवृत्ति दुरुत्साहित गर्दा खुल्ला प्रयोगशालाको व्यवस्थापन गरी विद्यार्थीहरुलाई आजको प्रविधि युगमा लैजानुपर्ने देखिन्छ ।

विद्यालयका कक्षाकोठाहरु,शौचालय,खेलमैदान सफा,खुल्ला र उचित किसिमको हुनुपर्ने देखिन्छ । विद्यालयमा विद्यार्थीहरु बिरामि परेको अवस्थामा आराम कक्ष,एक विद्यालय एक नर्स भन्ने अभियान हरेक सामुदायिक विद्यालयमा हुनुपर्ने देखिन्छ । अतिरिक्त क्रियाकलापको लागि आवश्यक सामाग्रिहरु राख्ने दराजको व्यवस्था भएमा एकपटक प्रयोग भएका सामाग्रिहरु पुनःप्रयोगमा ल्याउन सकिन्छ ।

विद्यालयको भौतिक निर्माण र मर्मत सम्भारका लागि पर्याप्त बजेटको स्पष्ट व्यवस्थाका लागि समयमै स्रोतको सुनिश्चिततकालागि पहल गनुपर्ने देखिन्छ । साथै आजको बद्लिदो परिवेशमा

सिकाईमा आधुनिक प्रविधि तथा प्रयोगहरुलाई सिकाई क्रियाकलापमा लागु गर्न सकेमा सामुदायिक विद्यालयहरुले आर्जन गरेको सिकाईलाई दिगो रुपमा कायम राख्न सकिन्छ ।

### ३. अनुसन्धान तह

विद्यालयको भौतिक व्यवस्थापनको बारेमा अनुसन्धान गरेतापनि यतिले मात्र विद्यालयमा सफलता प्राप्त गर्न सकिन्न जसमा लागि विभिन्न शिर्षकहरुबाट अनुसन्धान गर्न महत्वपूर्ण भुमिका खेल्दछ । कुनै पक्षको दिगो विकासका लागि सो विषयवस्तुसँग सम्बन्धित रही अध्ययन अनुसन्धान गरी सो सम्बन्धका विविध पक्षहरुको पहिचान गर्दै अगाडी बढ्नुपर्ने हुन्छ । शिक्षा क्षेत्रमा अनुसन्धानको निकै ठूलो महत्व छ ।यसै अध्ययनमा पनि सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन सम्बन्धमा अध्ययन गरिएता पनि सिमित स्रोत साधनका कारण पूर्णता पाउन सकेको छैन । भौतिक पूर्वाधारका महत्वपूर्ण पक्षहरु जस्तै :भवन,कक्षाकोठा,पुस्तकालय,प्रयोगशाला,खानेपानी,शौचालय,भौतिक साधनहरु ,विभिन्न आधुनिक प्रविधिको प्रयोग आदिको गहिराईमा गई अध्ययन गर्न नसकिएको अवस्थामा सम्पूर्ण विषयहरुको बृहत अध्ययन अनुसनधानका लागि सुझाव प्रस्तुत गरिएको छ ।साथै भौतिक व्यवस्थापन सँगै निकट रहेका आर्थीक,शैक्षिक,शिक्षक व्यवस्थापन ,यातायात,चमेना गृह,छात्रावास व्यवस्थापन,भौतिक संरक्षण र व्यवस्थापन विषय अध्ययन गर्न सकिन्छ जसका कारण विद्यालयको भौतिक व्यवस्थापनको शिर्षकले प्रभावकारी सहयोग पुऱ्याउँछ ।

## सर्न्दभ सामाग्रि

अधिकारी (२०६७), निम्नमाध्यामिक शिक्षक दिग्दर्शन,काठमाण्डौ,आशिष बुक्स प्रा.लि. ।

शर्मा,महाश्रम,शर्मा पौडेल एम आर (२०७५),प्राथमिक तह शिक्षक सेवा आयोग परिक्षासारथि काठमाण्डौ,गुडविल प्रकाशन ।

भरतपुर महानगरपालिका अभिलेख २०८० ।

अधिकारी विष्णुप्रसाद (२०६८) नेपालमा शैक्षिक प्रणलि, काठमाण्डौ,आशिष बुक्स हाउस सर्भिस ।

शर्मा,चिरन्जिवी र शर्मा,निर्मला (२०७०),शिक्षको परिचय ,एम.के. पब्लिसर्स,काठमाण्डौ भोटाहिटी ।

पौडेल,लेखनाथ(२०५५),शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा,काठमाडौ:विद्यार्थी पुस्तक भण्डार ।

शर्मा,चिरन्जिवी (२०६७) शिक्षाका आधारहरु,भोटाहिटी काठमाडौः एम.के.पब्लिसर ।

कोइराला, विद्यानाथ,श्रेष्ठ,चन्द्रबहादुर (२०६३) शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,काठमाडौ :विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी मुकुन्दप्रसाद(२०६१),नेपालमा प्राथमिक शिक्षा,काठमाण्डौ,ज्ञानकुञ्ज प्रकाशन ।

विष्ट,मिनबहादुर(२०५५),विद्यालय व्यवस्थापनको शैक्षिक अवस्था,ललितपुर साझा प्रकाशन ।

शर्मा, महाश्रम (२०६७),शैक्षिक विकेन्द्रकरण र सामुदायिक विद्यालय व्यवस्थापन,शैक्षिक स्मारीका,भक्तपुर शिक्षा विभाग ।

शिक्षा ऐन (२०२८) तथा शिक्षा नियमावली २०५९,काठमाण्डौ,शिक्षा विभाग,शिक्षा मन्त्रालय ।

अनुसूची १

विद्यालय व्यवस्थापन समितिको अध्यक्षका लागि अर्न्तवार्ता

प्रश्नावली

नाम : योग्यताः

विद्यालयः पदबहाल मितिः

१. तपाई विद्यालयको वि.व्य.स. गठन कन पक्रियाबाट भएको हो ?

क) अभिभावकहरुबाट निर्वाचन गराएर ख) अभिभावकरुहरुको सहमतिबाट

ग) महानगरपालिका ले सिफारिस गरेर घ) प्र.अ.ले सिफारिस गरेर

२) तपाँइको विद्यालयको भौतिक अवस्था कस्तो लाग्छ ?

क) राम्रो ख) कमजोर

ग) अति कमजोर घ) मध्यम

३) तपाँइलाई आफ्नो विद्यालयको कुन भौतिक पक्ष राम्रो लाग्दछ ?

क) भवन ख) खेलमैदान

ग) प्रशासनिक व्यवस्था घ) आर्थिक अवस्था

४) वर्तमान वि.व्यस.ले गरेको भौतिक सुधारका कार्यक्रमहरु के के हुन ?

क) भवन निमार्ण ख) मर्मत सम्भार

ग)तरबार घ) माथिका सबै

५) भौतिक पक्ष सुधारका लागि स्रोत कसरी जुटाउनु भएको छ ?

क) विद्यर्थी शुल्क ख) गैरसरकारी सहयोग

ग) चन्दा संकलन घ) सरकारी सहयोग

६) भौतिक निमार्णमा आइपर्ने मुख्य समस्या के हो ?

क) आर्थीक समस्या        ख) राजनैतिक हस्तक्षेप

ग) असहमति        घ) असहभागिता

७) तपाँई आफु निर्वाचित भएपछि कतिवटा बैठक बोलाउनु भयो ?

क) ५-१०        ख)२० भन्दा माथि

ग) १०-१५        घ) १५-२०

८) भौतिक व्यवस्थापनका लागि के कुरा आवश्यक छ ?

क) जनसहभागिता        ख) सरकारी सहयोग

सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन

अनुसूची २

विद्यालय प्रधानाध्यापकका लागि अर्न्तवार्ता प्रश्नावली

नाम : योग्यता:

विद्यालय: पदबहाल मिति:

१. तपाँइको विद्यालयको भौतिक अवस्था कस्तो लाग्छ ?

२) तपाँइको विचारमा विद्यालय भौतिक व्यवस्थापनमा के कस्ता समस्या आएका छन् र तिनलाई कसरी समाधानन गर्नुहुन्छ ?

३) विद्यालयको भौतिक व्यवस्थापनले शैक्षिक उपलब्धि स्तु के-कस्ता प्रभाव पर्‍यो यस सम्बन्धि शिक्षकहरुसँग कति पटक बैठकमा छलफल गर्नुभयो ?

४) भौतिक पक्ष सुधारका लागि स्रोत कसरी जुटाउनु भएको छ ?

५) तपाँईको विचारमा के गरेमा भौतिक व्यवस्थापन अझै राम्रो हुन सक्ला ?

सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन

अनुसूची ३

विद्यालय शिक्षकका लागि अर्न्तवार्ता प्रश्नावली

नाम : योग्यता:

विद्यालय: पदबहाल मिति:

१) तपाँइलाई आफ्नो विद्यालयको भौतिक अवस्था कस्तो लाग्छ ?

क) राम्रो ख) कमजोर

ग) अति कमजोर घ) मध्यम

२) तपाँइलाई आफ्नो विद्यालयको कुन भौतिक पक्ष राम्रो लाग्दछ ?

क) भवन ख) खेलमैदान

ग) प्रशासनिक व्यवस्था घ) आर्थिक अवस्था

३) तपाईको भनाईमा विद्यालयको भौतिक निमार्णमा के-कस्ता समस्याहरु रहेका छन् ?

क) आर्थीक समस्या ख) राजनैतिक हस्तक्षेप

ग) सामाजीक घ) असहमति

४) तपाँईको भनाई अनुसार भौतिक व्यवस्थापनका लागि के-कस्ता समाधानमा उपायहरु दिन चाहनुहुन्छ ?

५) भौतिक व्यवस्थापनले शैक्षिक उपलब्धि स्तरमा के-कस्ता प्रभाव पऱ्यो बताउनुहोस् ।

६) तपाँईको विचारमा भौतिक व्यवस्थापनका अझै के-कस्ता कुराहरु आवश्यक छ ?

सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन

अनुसूची ४

अभिभावकसँग गरिएको प्रश्न मार्फत छलफल

नाम :

विद्यालय:

१) तपाँइका अनुसार भौतिक व्यवस्थापनमा कस्तो समस्याहरु रहेका छन् ?

२) ति समस्या समाधान गर्न के-कस्ता कदम चाल्नु पर्ला ?

३) भौतिक व्यवस्थापनले तपाईको बालबालिकाको शैक्षिक स्तरमा के कस्ता प्रभाव पार्‍यो ?

४) तपाँईको  अनुसार कुन पक्षको कमिले भौतिक व्यवस्थापन उकास्न सकेको छैन ?

५) तपाइले आफ्नो तर्फबाट भौतिक व्यवस्थापनका लागि  के-कस्ता कदम चाल्नुहुन्छ ?

६) तपाँईको भौतिक व्यवस्थापन कस्तो भएको हेर्न चाहनुहुन्छ ?

सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन

अनुसूची ५

विद्यार्थीका  लागि अर्न्तवार्ता प्रश्नावली

नाम :                                                                    कक्षा :

विद्यालय:

१) तपाँइलाई आफ्नो विद्यालयको भौतिक अवस्था कस्तो लाग्छ ?

क) राम्रो                                      ख) कमजोर

ग) अति कमजोर घ) मध्यम

२) तपाँइलाई आफ्नो विद्यालयको कुन भौतिक पक्ष राम्रो लाग्दछ ?

क) भवन ख) खेलमैदान

ग) शौचालय घ) खानेपानी

३) तपाईको भनाईमा विद्यालयको भौतिक निमार्णमा के-कस्ता समस्याहरु रहेका छन् ?

क) आर्थीक समस्या ख) राजनैतिक हस्तक्षेप

ग) विद्यालय व्यवस्थापन समिति घ) प्र.अ.

४) तपाँईको भनाई अनुसार भौतिक व्यवस्थापनका लागि के-कस्ता समाधानमा उपायहरु दिन चाहनुहुन्छ ?

५) तपाँईको विचारमा भौतिक व्यवस्थापनका अफै के-कस्ता कुराहरु आवश्यक छ ?

सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन

अनुसूची ६

छनोटमा परेका विद्यालय र वि.व्य.समितिका अध्यक्षहरु

| क्र.स. | विद्यालयको नाम | वि.व्य.स.अध्यक्षको नाम,थर |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| १ | श्री किरण अमरजङ्ग गुरुङ मा.वि | युरुङ्ग पाखिन |
| २ | लक्ष्मी मा.वि | त्रिलोचन कडेल |
| ३ | अन्नपुर्ण मा.वि | रामजी पौडेल |
| ४ | विश्व प्रकास मा वि | जगन्नाथ कडेल |
| ५ | चितवन मा.वि | प्रकाश अधिकारी |

सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन

अनुसूची ७

छनोटमा परेका विद्यालयका प्र.अ. तथा शिक्षकहरु

| क.स. | विद्यालयको नाम | नाम,थर | पद |
|---|---|---|---|
| १ | श्री किरण अमरजङ्ग गुरुङ मा.वि | विनोद कुमार अधिकारी | प्र.अ. |

| | | | |
|---|---|---|---|
| २ | श्री किरण अमरजङ्ग गुरुङ मा.वि | सिता चापागाई | शिक्षक |
| ३ | श्री किरण अमरजङ्ग गुरुङ मा.वि | यज्ञराज गौतम | शिक्षक |
| ४ | लक्ष्मी मा.वि | रेशम ढकाल | प्र.अ. |
| ५ | लक्ष्मी मा.वि | हरी सापकोटा | शिक्षक |
| ६ | लक्ष्मी मा.वि | प्रकाश भट्टराई | शिक्षक |
| ७ | अन्नपुर्ण मा.वि | बटुकलाल तामाङ | प्र.अ. |
| ८ | अन्नपुर्ण मा.वि | हरहर पौडेल | शिक्षक |
| ९ | अन्नपुर्ण मा.वि | राजिव पण्डित | शिक्षक |
| १० | विश्व प्रकास मा वि | जयकृष्ण रिजाल | प्र.अ. |
| ११ | विश्व प्रकास मा वि | रिता पौडेल | शिक्षक |
| १२ | विश्व प्रकास मा वि | विपिन पाठक | शिक्षक |
| १३ | चितवन मा.वि | चिरञ्जिवि शर्मा | प्र.अ. |
| १४ | चितवन मा.वि | विष्णु अर्याल | शक्षक |
| १५ | चितवन मा.वि | शारदा खनाल | शिक्षक |

सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन

अनुसूची ८

छनोटमा परेका अभिभावकहरु

| क.स. | नाम,थर |
|---|---|
| १ | अमृत सापकोटा |
| २ | विर बहादरु मगर |

| | |
|---|---|
| ३ | अमिर पुन |
| ४ | भिमसेन पुन |
| ५ | रोशन नेपाली |
| ६ | प्रकाश शर्मा |
| ७ | अन्नपूर्ण रेग्मी |
| ८ | सविता गुरुङ |
| ९ | प्रतिज्ञा न्यौपाने |
| १० | मनिष श्रेष्ठ |
| ११ | राजु मण्डल |
| १२ | सुमित गुरुङ |
| १३ | दिपा श्रेष्ठ |
| १४ | निरज ठाकुर |
| १५ | प्रविन नेपाली |

सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन

अनुसूची ९

छनोटमा परेका विद्यार्थीको नामावली

| क्र.स. | नाम,थर | विद्यालयको नाम |
|---|---|---|
| १ | कृतिका मगर | श्री किरण अमरजङ्ग गुरुङ मा.वि |
| २ | प्रसन्ना पुन | श्री किरण अमरजङ्ग गुरुङ मा.वि |
| ३ | रोजित नेपाली | श्री किरण अमरजङ्ग गुरुङ मा.वि |
| ४ | प्रकृति अधिकारी | लक्ष्मी मा.वि |
| ५ | अस्मिता सापकोटा | लक्ष्मी मा.वि |

| | | |
|---|---|---|
| ६ | सचिना मगर | लक्ष्मी मा.वि |
| ७ | सम्झना शर्मा | अन्नपुर्ण मा.वि |
| ८ | विकास गुरुङ | अन्नपुर्ण मा.वि |
| ९ | शोभा खत्री | अन्नपुर्ण मा.वि |
| १० | अविसा तामाङ | विश्व प्रकास मा वि भरतपुर १५ |
| ११ | विवेक शर्मा | विश्व प्रकास मा वि भरतपुर १५ |
| १२ | मिना घर्ति | विश्व प्रकास मा वि भरतपुर १५ |
| १३ | अमित शाही | चितवन मा.वि भरतपुर |
| १४ | सम्पदा पोखेल | चितवन मा.वि भरतपुर |
| १५ | अविन गुरुङ | चितवन मा.वि भरतपुर |

सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन

अनुसूची १०

अवलोकन फारम

विद्यालयको नाम: जिल्ला:

स्थान:

१.विद्यालयको भौतिक तथा शैक्षिक सामाग्रीको व्यवस्था:

| सामाग्री | संख्या | सानो | ठुलो | अन्य | कैफियत |
|---|---|---|---|---|---|
| डेस्क | | | | | |
| बेन्च | | | | | |
| कुर्सी | | | | | |
| टेबल | | | | | |
| दराज | | | | | |
| ऱ्याक | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| नक्सा /चार्ट | | | | | |
| कम्प्युटर | | | | | |
| फोटोकपी | | | | | |
| प्रिन्टर | | | | | |
| पुस्तक | | | | | |
| प्रोजेक्टर | | | | | |
| खेल सामाग्री | | | | | |
| सभा कक्ष | | | | | |
| अन्य | | | | | |
| १ | | | | | |
| २ | | | | | |